जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ •अंक ३४८ • २०८३ साल जेठ ३ गते आइतबार (17 May, Sunday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।–


## ईंट्टाले थिचेर तीन जनाको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा ईंट्टाको चाडले थिचेर एक जना भारतीयसहित तीनजनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् ।

सर्लाहीको हरिपुरमा ईंट्टाको चाङले थिचेर एक भारतीय सहित तीन जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । सर्लाही प्रहरीका अनुसार सो क्रममा दुई जना घाइते भएका छन् ।

शुक्रबार साँझ हरिपुर नगरपालिका-५ मा पर्ने मजुर्वास्थित कृष्ण ईंट्टा उद्योगमा ईंट्टाको चाङले थिच्दा एक भारतीय सहित तीन मजदुरको मृत्यु भएको सर्लाही प्रहरीले जनाएको छ ।

सर्लाही प्रहरीले जनाए अनुसार घटनामा परेर थप दुई जना मजदुर घाइते भएका छन् । दुर्घटनामा परेर मृत्यु हुनेमा भारतको लखिमपुर जिल्लाका अन्दाजी ३५ वर्षीय अङ्गद कुमार, सर्लाहीको गोडैता नगरपालिका-७ मा पर्ने रामवनका ५० वर्षीय फिताइ मन्सुर र गोडैता नगरपालिका-९ का ३५ वर्षीय शम्भु राउत रहेको सर्लाही प्रहरीले जनाएको छ ।

भट्टामा पाकेर तयार भएको ईंट्टा निकाल्ने क्रममा एक्कासी ईंट्टाको चाङ झरेपछि सो घटना घटेको प्रत्यक्षदर्शी बताउँछन् । ईंट्टाको चाङले थिचेर गम्भीर भएका तीनैजनाको प्रादेशिक अस्पताल मलंगवामा उपचारको क्रममा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए ।

उद्धार गरिएका घाइतेमध्ये मलंगवा नगरपालिका-७ का अन्दाजी ३२ वर्षीय तुलसी महतोको सामान्य अवस्थामा प्रादेशिक अस्पताल मलंगवामा र ५२ वर्षीय सत्य नारायण महतोको स्थानीय स्वास्थ्य संस्था हरिपुरमा उपचार भइरहेको उनले बताए । उनीहरु दुबै जनाको शरीरको विभिन्न भागमा चोटपटक लागेको र स्वास्थ्य अवस्था सामान्य रहेको उनको भनाइ छ । घटनास्थलमा सर्लाही प्रहरीले स्काभेटरको सहयोगमा ढलेको ईंट्टाको चाङ पन्छाइएको छ ।

### कांग्रेस कलह जारी


## मधेश प्रदेशमा असन्तुष्ट पक्ष कमजोर, पार्टी फुट्दैन् :ढुंगाना

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको विशेष महाधिवेशनपछि पार्टीमा देखिएको विवाद विभाजनोन्मुख छ ।

असन्तुष्ट पक्षले प्रदेश स्तरीय भेलाको आयोजना गर्न थालेपछि पार्टी विभाजन हुनेतर्फ जान लागेको नेताहरुले बताउन थालेका छन् ।तर असन्तुष्ट पक्षकै केही नेताहरुले कुनै हालतमा कांग्रेस विभाजन नहुने दाबी गरेका छन् ।

मधेश प्रदेशमा असन्तुष्ट पक्ष अत्यन्त कमजोर देखिएको छ ।पूर्व सभापति शेरबहादुर देउवा पक्षधर अधिकांश नेताहरु संस्थापन पक्षतर्फ लागिसकेका छन् ।पछिल्लो पटक १९ जनालाई केन्द्रीय समिति सदस्यमा सभापति गगन थापाले मनोनित गर्दा देउवा समूहका धेरै नेताहरु परेका छन् ।



कांग्रेसमा सबैलाई समेटेर लानु पर्ने जिम्मेवारी सभापति थापाको रहेको असन्तुष्ट पक्षका नेता आनन्द प्रसाद ढुंगानाले बताए ।'सभापति देउवा हुँदा कांग्रेसलाई एक ढिक्का बनाएर अगाडि बढाएको थियो' उनले भने, थापाले पनि कांग्रेसमा असन्तुष्ट देखिएकाहरुको भावना बुझ्न जरुरी छ ।

एमालेसित साँठगाँठ गर्न नहुने बताउने थापा लगायतका नेताहरुले आखिर एमालेसित तालमेल गर्न त प्रयासमा जुटेको उल्लेख गर्दै नेता ढुंगानाले भने, कांग्रेस पार्टीमा देउवाको महत्वलाई बुझेर नै तत्कालीन सभापति गिरिजा प्रसाद कोइरालाले वरिष्ठ नेता बनाएका थिए ।

कांग्रेस नफुटे पनि एक ढिक्का गर्न नसके राष्ट्रियता र लोकतन्त्र दुबै कमजोर हुने उनले बताए ।कांग्रेस कमजोर रहेको अवस्थामा राष्ट्रियता र लोकतन्त्र बलियो रहन नसक्ने ढुंगानाले जनाए ।

मधेश प्रदेशमा असन्तुष्ट पक्षतर्फ नेता ढुंगाना र पूर्व सभापति विमलेन्द्र निधि बाहेक प्रभावशाली नेता छैनन् ।जेनजी आन्दोलन अगाडिसम्म मधेश प्रदेशमा देउवा समूह अत्यन्त बलियो थियो ।त्यसपछि कांग्रेसमा भएको विशेष महाधिवेशनले देउवा पक्षलाई निकै कमजोर बनायो ।

मधेश प्रदेशमा देउवाको प्रबल पक्षधर मानिएका महेन्द्र यादव अहिले केन्द्रीय सदस्यमा मनोनित भएका छन् ।सहमहामन्त्री रहेका यादवलाई सभापति थापाले मनोनित गरेका १९ जना मध्ये शीर्ष वरीयतामा राखेका छन् । मधेश प्रदेशको आठवटै जिल्लामा संस्थापन पक्ष सबल बनेको छ ।मधेश प्रदेशका मुख्यमन्त्री कृष्णा यादव लगायतका नेताहरु संस्थापन तर्फ लागेका छन् ।यादव मधेश प्रदेशका सभापति पनि हुन् ।

लोकतान्त्रिक पार्टीमा फरक मत राख्न पूर्ण स्वायत्तता रहे पनि अहिलेको अवस्थामा पार्टीलाई एक ढिक्का बनाएर अगाडि बढ्नुपर्ने केन्द्रीय सदस्य महेन्द्र यादवले बताए ।'खारिएका अनुभवी नेताहरुले कांग्रेस नेतृत्वलाई मार्गदर्शन गरी अगाडी बढ्नु पर्छ' उनले भने, अझै पनि गुट बनाएर बसे पछाडि परिनेछ ।

कांग्रेसमा गुटगत सक्रियताको प्रभाव मधेश प्रदेशको सरकारमा पनि परेको छ ।संस्थापन पक्षका कयौं सांसदहरुले मुख्यमन्त्री कृष्ण यादवको सरकारलाई ढाल्न फ्लोर क्रस गर्ने तयारी गरेका थिए ।कांग्रेस संसदीय दलमा संस्थापन पक्षको बाहुल्यता देखिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिने समय जेठ ८ गतेलाई सारेका छन्।

कांग्रेस विभाजन हुनेमा धेरैको विश्वास छैन् ।तर गुटबन्दीले कांग्रेसलाई निकै कमजोर बनाएको छ ।असन्तुष्ट पक्षले पार्टीको 'जरा' अभियानमा सहभागी छैनन् ।उनीहरुले जरा अभियानको विरोध नगरे पनि त्यसमा सहभागी भइरहेका छैनन् ।पार्टी तल्लो निकायमा कमजोर देखिएकोले जरा अभियान मार्फत बलियो बनाउने प्रयास गरिएको छ ।

संस्थापन पक्षले देशव्यापी जरा अभियान चलाइरहेको बेला असन्तुष्ट पक्षले सुदुरपश्चिममा प्रादेशिक भेला गरेको छ ।सभापति थापा पनि देश दौडहामा छन् ।

असन्तुष्ट पक्षको कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सक्रियतामा आयोजित प्रादेशिक भेलालाई संस्थापन पक्षले गम्भीर रुपमा लिएको बताएको छ ।तर नेता ढुंगानाका अनुसार सबै प्रदेशमा कार्यकर्ता भेलाको आयोजना गरिने जनाएका छन् ।

'विशेष महाधिवेशनमा हस्ताक्षर गरेका बाहेकका प्रतिनिधि र नेता आफूहरुसित नै रहेका छन्' उनले भने, प्रादेशिक भेलाबाट नेता, कार्यकर्ताहरुलाई उत्साह बढाएर जोड्ने काम भइरहेको छ ।

जेनजी आन्दोलनले देशको सबै भन्दा पुराना र ठूलो लोकतान्त्रिक दल नेपाली कांग्रेसको जरा सम्मै हल्लाइदिएको छ ।कांग्रेस भित्रको कलह जारी नै छ ।

## 'बरसाइत' पर्व सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । प्राचीन मिथिला क्षेत्रमा विवाहित मैथिलानीले अटल सौभाग्यको कामना गर्दै 'बरसाइत' पर्व मनाएकी छन् ।

सो अन्तर्गत जनकपुरधामसहित तराई-मिथिला-मधेशसहित क्षेत्रका विवाहित मैथिलानीले बरसाइत अर्थात वटसावित्री पर्व मनाएकी छन् । जनकपुरधाममा शनिबार विभिन्न स्थलमा रहेको वटवृक्ष (वरको रुख) को सामूहिक रुपमा समेत पूजाअर्चना गरी आ-आफ्नो श्रीमानूको दीर्घायुको कामना गर्दै मनाइएकी छन् । नयाँ-नयाँ लुगा लगाएकी मैथिलानीले सती सावित्रीको उच्च चरित्रको वर्णन गरिएका गीत सामूहिक रुपमा गाउँदै आफ्नो अटल सौभाग्यको कामना गर्दै यस अवसरमा उनीहरुले सावित्रीको कथा समेत सुनेकी थिइन् ।



जनकपुरधामको राम चोक, राम मन्दिर, विषहरा चोक, विषहरा मन्दिर अगाडिलगायत विभिन्न स्थानमा रहेको वरको रुखमुनि पूजाअराधनाका लागि सामूहिक रुपमा महिलाहरुले बरसाइत पर्व मनाएकी छन् ।

अधिकांश महिला भने आ-आफ्नै घरमा वरको बोट रोपेर पूजाअर्चनासहित कथा वाचन गरी पर्व मनाएकी छन् । सत्य युगमा सती सावित्रीले आफ्नो तपस्या र साधनाले जेठको औंसीका दिन अटल सौभाग्यको वरदान पाएकी विश्वासको आधारमा मैथिलानीले यसै कामनाका साथ यो पर्व मनाइने चलन रहेको छ । जेठ कृष्ण चतुर्दशीका दिन व्रतको सङ्कल्प गरेपछि औंसीका दिन निराहार व्रत बसेर आफ्नो बस्ती नजिकको वटवृक्षको फेदमा ब्रतालु मिथिलानीले सामूहिक रुपमा सावित्रीलाई सम्झदै ब्रह्मा, विष्णु र महेशसहितका इष्टदेवको पूजा आराधना गर्छिन ।

सती सावित्रीले आफ्नो तपोवलले इष्टदेव रिझाएर ढलेका आफ्ना पति सत्यवानलाई जगाएर अटल सौभाग्यको वर पाएकी पौराणिक कथा नै यो पर्वको धार्मिक परम्परा रहेको छ । वरको रुखमा ब्रह्मा, विष्णु र महेशसहितका तीनै देवताको बास हुने मैथिल जनविश्वासअनुसार यो पर्वको सङ्कल्प, पूजाआराधना र समापन एकै ठाउँमा गरिन्छ ।







## वीरगञ्जमा बजार अनुगमन :
# तीन होटेललाई कारबाही

वीरगञ्ज । मूल्य पारदर्शिता सप्ताहअन्तर्गत जिल्ला अनुगमन समितिको संयुक्त अनुगमन टोलीले वीरगञ्ज महानगरपालिकाका विभिन्न क्षेत्रमा सञ्चालित होटल तथा क्यान्टिनको आकस्मिक अनुगमन तथा निरीक्षण गरेको छ। अनुगमनका क्रममा शुक्रबार तीन व्यवसायीले उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली, २०७६ बमोजिम कार्य नगरेको पाइएको भन्दै कारबाही गरेको छ।



वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्जका निमित्त प्रमुख आशुतोष कुशवाहाले संयुक्त अनुगमन टोलीले वीरगञ्ज महानगरपालिका-११ मा सञ्चालित तराई क्यान्टिनका सञ्चालक दीपक शाहलाई उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १५ विपरीत कार्य गरेको तथा दफा ३८ (ट) बमोजिम कसुर गरेको ठहर गर्दै दफा ३९ (१) (घ) अनुसार रु ५० हजार जरिवाना गरेको जानकारी दिनुभयो।

यस्तै, वीरगञ्ज महानगरपालिका-१३ मा सञ्चालित ज्योति मगर होटलका सञ्चालक शेखर मगरलाई ऐनको दफा १५ विपरीत कार्य गरेको तथा दफा ३८ (घ) बमोजिम कसुर गरेको पाइएकाले दफा ३९ (१) (क) अनुसार रु २० हजार जरिवाना गरिएको छ।

सोही वडामा सञ्चालित चौधरी होटलकी सञ्चालक उर्मिला महतोलाई पनि ऐनको दफा १५ विपरीत कार्य गरेको तथा दफा ३८ (घ) बमोजिम कसुर गरेको ठहर गर्दै दफा ३९ (१) (क) अनुसार रु पाँच हजार जरिवाना गरिएको समितिले जनाएको छ।

अनुगमनका क्रममा वीरगञ्ज-१३ मा सञ्चालित अनु देवीको व्यवसायमा केही सुधार गर्नुपर्ने देखिएकाले आवश्यक सुधारका लागि सामान्य निर्देशन दिइएको बताइएको छ। जिल्ला अनुगमन समितिले उपभोक्ताको हित संरक्षण तथा बजारलाई व्यवस्थित बनाउन अनुगमनलाई निरन्तरता दिइने जनाएको छ। रासस

# जेठ ३ गते आइतबारदेखि अधिकमास अर्थात् मलमास सुरु हुँदै

काठमाण्डु। प्रत्येक ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा आउने मलमास अर्थात् अधिकमास आजदेखि सुरु भएको छ।

आगामी असार १ गतेसम्म मलमास अथवा अधिकमास रहने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ। ज्योतिषीय गणनाअनुसार ३६५ दिनको वर्ष हुन्छ। वर्षमा सौर र चान्द्रमास हुन्छन्। दुवैलाई समन्वय गर्न ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा मलमास वा अधिकमास आउँछ। एउटा औँसीदेखि अर्को औँसीसम्म सङ्क्रान्ति छैन भने त्यो महिनालाई मलमास वा अधिकमास भनिने भनेर विभिन्न शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको ज्योतिष एवं वास्तुविद् शिवप्रसाद पोखरेलले बताउनुभयो।

चान्द्र महिनामा दुई वटा सङ्क्रान्ति पऱ्यो भने क्षयमास भनिन्छ। ज्योतिषका विद्वान् भास्कराचार्यले आफ्नो ग्रन्थ सिद्धान्त शिरोमणिमा मलमास र क्षयमासको स्पष्ट परिभाषा दिनुभएको छ। जसमा भनिएको छ-

*असङ्क्रान्तिमासोऽधिमासः स्फुटः स्याद् ।*
*द्विसङ्क्रान्तिमासः क्षयाख्यः कदाचित् ॥*

अर्थात् सङ्क्रान्ति नभएको महिना अधिकमास वा मलमास हो। दुईवटा सङ्क्रान्ति भएको महिना क्षयमास हो। क्षयमास भने कहिले, कहिलेमात्र हुने गरेको छ। यसअघि क्षयमास २०२० सालमा परेको वास्तुशास्त्री पोखरेलले बताउनुभयो।

क्षयमास कार्तिक, मङ्सिर र पुसमा पर्ने गरेको छ। यसमा पनि बढीजसो मङ्सिर र पुसमा क्षयमास पर्छ। कार्तिक महिनामा भने क्षय र अधिकमास दुवै पर्न सक्छ। माघ महिनामा भने क्षय र अधिकमास दुवै पर्दैन। बाँकी आठ महिनामा अधिकमास पर्न सक्छ।

क्षयमास हुने वर्ष दुई अधिकमास नियमित समेत पर्छन्। यी अधिकमास क्षयभन्दा तीन महिना अगाडि वा पछाडि हुन्छन्। क्षयभन्दा पहिले हुने अधिकमासलाई 'संसर्प' र पछि हुने अधिकमासलाई 'अंहस्पति' भनिन्छ।

सबै मासको देवता हुन्छन्। मलमास महिनाको देवता नभएपछि मलमास रुँदै भगवान् श्रीकृष्णसँग पुगेर आफूलाई अशुभ मास भनी सबैले हेला गरेको गुनासो गरे। गुनासो सुनेर भगवान् श्रीकृष्णले नै मेरै नामबाट तिमीलाई अब सबैले चिन्नेछन् भनी पुरुषोत्तममासको नाम दिनुभएको पुरुषोत्तममास माहात्म्य नामक धर्मग्रन्थमा उल्लेख गरिएको छ।




**अधिकमास (मलमास) मा के गर्ने ? के नगर्ने ?**

मलमास अर्थात् अधिकमासमा नित्य कर्म पूजा, पाठ, जप, ध्यान गर्नुहुन्छ। नित्य बसिरहेको व्रत गर्नुहुने विभिन्न शास्त्रमा वर्णन गरिएको धर्मशास्त्रविद् एवं समितिका सदस्य प्रा डा देवमणि भट्टराईले बताउनुभयो। पहिल्यैदेखि गर्दै आएको व्रतलाई नियमितता दिन हुने तर नयाँ व्रतको सुरुआत गर्नु नहुने नियम रहेको पनि उहाँले बताउनुभयो।

मलमासको समयमा महादान, माङ्गलिक कार्य अर्थात् विवाह, व्रतबन्ध, गृहनिर्माण, गृहप्रवेश जस्ता कर्म गर्नु हुँदैन। यसैगरी, गर्भाधान गर्नु हुँदैन, पहिले नै गर्भ रहेको भए दोष लाग्दैन। नवविवाहित श्रीमान् श्रीमतीले मलमासलाई छल्नुपर्छ भन्ने परम्परा पनि गर्भाधान गर्नु हँदैन भन्ने मान्यतामै आधारित रहेको धर्मशास्त्रविद्को भनाइ छ। बृहस्पति र शुक्र अस्त भएका बेला गर्न नहुने जति कर्म मलमासमा पनि गर्नुहुँदैन।

**आइतबारदेखि मच्छेनारायण (मत्स्यनारायण) मेला सुरू ह्वादै**

रत्नपार्कबाट करिब आठ किमी दक्षिणपश्चिम भेगमा पर्ने मत्स्यनारायण मन्दिरमा मलमासका समयमा मेला लाग्ने गर्छ। यहाँ मत्स्यनारायणको प्रस्तर मूर्ति छ।

मलमासको अवधिभर मच्छेनारायणमा टाढा टाढाबाट लाखौँ भक्तजन दर्शनका लागि आउने गरेका छन्। मलमास अवधिभर कीर्तिपुरबाट चार किमी दक्षिणमा पर्ने मच्छेनारायण मन्दिरमा नारायणको पूजा र पुरुषोत्तममास माहात्म्य वाचन हुने चन्द्रागिरि नगरपालिकाका नगर प्रमुख घनश्याम गिरीले जानकारी दिनुभयो।

यो महिनामा भगवान् नारायणको पूजाआराधना गर्नाले सम्पूर्ण पाप नष्ट भई पुण्य प्राप्त गरिने विभिन्न धर्मग्रन्थमा उल्लेख गरिएको छ। सुनको जलप लगाएको गरुडको कलात्मक प्रवेशद्वार मच्छेनारायण मन्दिरमा छ। माछाको मुखबाट प्रकट भएको एक फिट अग्लो चार हातमा शंख, चक्र, गधा र पद्म लिएको मूर्ति देख्न सकिन्छ।

भगवान् विष्णुले दश अवतार लिँदा सबभन्दा पहिले मत्स्य शरीर धारण गर्नुभयो। मत्स्यरूपी भगवान्ले प्रलयकालमा समुद्रमा डुङ्गाको काम गरी वेदलाई सुरक्षा गर्नुभएको पुराणमा उल्लेख छ। यसअघि २०८० साल साउन महिनामा अधिकमास परेको थियो। अधिकमास परेको महिनामा वैदिक सनातन धर्मावलम्बीले घरघरमा पुरुषोत्तममास माहात्म्य पाठ गर्ने र कथा सुन्ने गर्छन्। रासस

## वीरगञ्ज भन्सारबाट एक खर्ब ९९ अर्ब ४० करोड राजस्व सङ्कलन




वीरगञ्ज। पर्साको वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षका १० महिनामा रु एक खर्ब ९९ अर्ब ४० करोड राजस्व सङ्कलन गरेको छ।

भन्सार विभागले यस अवधिमा कार्यालयलाई रु दुई खर्ब २३ अर्ब १८ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरे पनि लक्ष्यको ८९ दशमलव ३५ प्रतिशत राजस्व सङ्कलन गरिएको हो।

भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा राजस्व सङ्कलन सन्तोषजनक रहेको बताउनुभयो। उहाँका अनुसार यहाँ राजस्वको मुख्य स्रोतका रूपमा पेट्रोलियम पदार्थको आयात, सवारीसाधन तथा तिनका पार्टपुर्जा आयात रहेका छन्।

भन्सार विभागले कार्यालयलाई वर्षभरिमा रु दुई खर्ब ७३ अर्ब ३९ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो। चालु आवको दुई महिना अझै बाँकी रहेकाले थप राजस्व सङ्कलन हुने कार्यालयको अपेक्षा छ।

कार्यालयले चालु आवको साउनमा रु १८ अर्ब ४४ करोड, भदौमा रु २० अर्ब ७३ करोड, असोजमा रु १९ अर्ब नौ करोड, कात्तिकमा रु १७ अर्ब ३३ करोड, मङ्सिरमा रु २० अर्ब ८० करोड राजस्व सङ्कलन गरेको थियो। यसैगरी, पुसमा रु २० अर्ब २० करोड, माघमा रु १८ अर्ब ९२ करोड, फागुनमा रु १९ अर्ब ३४ करोड र चैतमा रु २२ अर्ब ८२ करोड राजस्व सङ्कलन गरेको छ। यस्तै, वैशाखमा रु २१ अर्ब ७४ करोड राजस्व सङ्कलन गरिएको सूचना अधिकारी विष्टले बताउनुभयो। रासस

# मधेशलाई दुई वटा प्रदेश बनाउनेदेखि स्थानीय तहको संख्या घटाउनेसम्मको प्रस्ताव

**टुडे समाचारदाता**

जनकपुरधाम। डा. शरदसिंह यादव नेतृत्वको जनअधिकार पार्टीले संविधानमा संशोधनका लागि अवधारणा अघि सारेको छ। अध्यक्ष यादवले शनिबार संविधान संशोधनका लागि १६ बुँदे अवधारणा प्रस्तुत गरेका छन्।



प्रधानमन्त्री बालेन्द्र साहका सल्लाहकार असीम साह नेतृत्वको संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदल सुझाव संकलन गरिरहेको बेलामा अध्यक्ष यादवले पार्टीको तर्फबाट सुझाव दिएका हुन्।

पार्टीले मधेशलाई दुई वटा प्रदेश बनाउनुपर्ने, स्थानीय तहको संख्या घटाउनुपर्ने, पहिचान सहितको सङ्घीयता बनाउनुपर्नेलगायतको सुझावसहित प्रस्ताव अघि सारेका छन्।

# दिगो तथा आत्मनिर्भर अर्थतन्त्रका लागि महालेखापरीक्षकको कार्यालयका सुझाव



काठमाण्डु। महालेखापरीक्षकको कार्यालयले दिगो तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि सुझाव दिएको छ। आन्तरिक उत्पादन, रोजगारी सिर्जना र सीपयुक्त जनशक्ति विकासमार्फत दिगो आर्थिक वृद्धि हासिल गर्न आवश्यक नीतिगत तथा संरचनात्मक सुधार अवलम्बन गर्नुपर्ने कार्यालयको सुझाव छ।

कार्यालयको ६३ औँ वार्षिक प्रतिवेदनअनुसार वैश्विक आर्थिक अस्थिरता, प्राकृतिक विपद् तथा बाह्य जोखिमका सम्भावित प्रभावलाई ध्यानमा राखी आर्थिक तथा वित्तीय क्षेत्रमा पर्न सक्ने दबाव न्यूनीकरण गर्न पूर्वतयारी र जोखिम व्यवस्थापन प्रणाली सदृढ गर्नुपर्ने सुझाव छ।

यस्तै, नगदमा आधारित आर्थिक गतिविधिलाई क्रमशः न्यूनीकरण गर्दै 'डिजिटल' भुक्तानी प्रणाली विस्तार गरी औपचारिक अर्थतन्त्रको दायरा फराकिलो बनाउनुपर्ने र त्यसका लागि डिजिटल सार्वजनिक पूर्वाधार निर्माण तथा विकासमा जोड दिँदै सबै प्रकारका कारोबारमा बिल बीजक लिने दिने व्यवस्था लागू गर्नुपर्ने सुझाव दिइएको छ।

यसैगरी पर्यटन क्षेत्रबाट वैदेशिक लगानी र मुद्रा आर्जनमा वृद्धि गर्न पूर्वाधार विकास, सेवाको गुणस्तर सुधार, गन्तव्य पहिचान एवम् विविधकरण र निजी लगानी प्रोत्साहन गर्नुपर्ने महालेखापरीक्षकको कार्यालयले सुझाव दिएको छ। रासस

# प्रधानमन्त्री कार्यालयको नाम जोडेर सचिवलाई धम्की दिने पक्राउ

काठमाण्डु। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाम दुरूपयोग गरी राष्ट्रसेवक कर्मचारीलाई धम्क्याउने, भय र त्रास सिर्जना गर्ने तथा अमर्यादित शब्द प्रयोग गर्ने व्यक्ति काठमाण्डुबाट पक्राउ परेका छन्।



जिल्ला प्रहरी परिसर काठमाण्डठको टोलीले आज सुर्खेत घर भइ काठमाण्डुको शंखमुल बस्ने वर्ष २२ का प्रकाश खड्कालाई पक्राउ गरिएको परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जनकारी दिनुभयो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट बोलेको भन्दै दैलेखको दुल्लु नगरपालिका-१३ का वडा सचिव कमल भण्डारीलाई फोनमार्फत उनले धम्की दिएको अडियो सार्वजनकि भएको थियो।

उक्त अडियो सामाजिक सञ्जालमा भाइरल भएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता हेमराज अर्यालले विज्ञप्ति जारी सुरक्षा तथा अनुसन्धान निकायलाई तत्काल कानुनी कारबाही प्रक्रिया अघि बढाउन निर्देशन दिनुभएको थियो।

जिम्मेवारी निर्वाह गरिरहेका राष्ट्रसेवक कर्मचारीमाथि भय र त्रास सिर्जना गर्ने, अमर्यादित व्यवहार गर्ने तथा दबाब दिने गतिविधि पूर्णतः निन्दनीय र अक्षम्य रहेको विज्ञप्तिमा उल्लेख छ।

कुनै पनि व्यक्तिले प्रधानमन्त्री, प्रधानमन्त्रीको सचिवालय वा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाम प्रयोग गरी फोन वा भेटमार्फत धम्की दिने, बार्गेनिङ गर्ने वा अनुचित दबाब सिर्जना गर्ने प्रयास गरेमा त्यस्ता भ्रममा नपर्न पनि कार्यालयले अनुरोध गरेको छ।

त्यस्ता शङ्कास्पद फोन, सन्देश वा संवादहरू आधिकारिक माध्यमबाट प्रमाणीकरण गरेर मात्र काम कारबाही अघि बढाउन पनि भनिएको छ। रासस

# केही स्थानमा मध्यमस्तरको वर्षादेखि हुरीको सम्भावना

काठमाण्डु। हाल नेपालमा पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव छ। जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली र पहाडी भू-भागमा साधारणतया बादल र बाँकी प्रदेशमा आंशिक बादल लागेको छ।



गण्डकी प्रदेशका थोरै स्थानमा, लुम्बिनी र कोशी प्रदेशको एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा भइरहेको छ।

शनिबार दिउँसो कोशी प्रदेशलगायत बागमती, गण्डकी र कर्णाली प्रदेशका हिमाली र पहाडी भू-भागमा साधारणतया बादल लाग्नेछ तथा बाँकी हिमाली, पहाडी र तराई भू-भागमा आंशिक बादल लाग्नेछ विभागको भनाइ छ।

कोशी प्रदेशका केही स्थानहरूमा, बागमती, गण्डकी र कर्णाली प्रदेशको हिमाली र पहाडी भू-भागका थोरै स्थानहरू तथा सुदूरपश्चिम प्रदेशको हिमाली, पहाडी भू-भागका र मधेस प्रदेशको एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्म वर्षा र हिमपातको सम्भावना रहेको छ। मधेस, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानहरूमा हुरीको पनि सम्भावना रहेको छ।

आज राति कोशी प्रदेशलगायत बागमती, गण्डकी र कर्णाली प्रदेशका हिमाली र पहाडी भू-भागमा साधारणतया बादल लाग्नेछ र बाँकी पहाडी र तराई भू-भागमा आंशिक बादल लाग्नेछ। कोशी प्रदेशको थोरै स्थानहरू, बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भू-भागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना छ। मधेस र लुम्बिनी प्रदेशका तराईका थोरै स्थानहरूमा हावाहुरीको पनि सम्भावना छ। रासस

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** आज आत्मविश्वास र उर्जा उच्च रहनेछ।
**वृष :** आज खर्चको मात्रा बढ्न सक्छ।
**मिथुन :** आर्थिक रुपमा आजको दिन निकै बलियो छ।
**कर्कट :** कार्यक्षेत्रमा तपाईको कामको उचित मूल्याङ्कन हुनेछ।
**सिंह :** भाग्यले साथ दिने समय छ। धार्मिक र आध्यात्मिक कार्यमा रुचि बढ्नेछ।
**कन्या :** आजको दिन केही सावधानजी अपनाउनु पर्ने देखिन्छ।
**तुला :** दाम्पत्य जीवन र प्रेम सम्बन्धका लागि आजको दिन निकै सुखद रहनेछ।
**वृश्चिक :** प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ।
**धनु :** विद्यार्थीहरुको लागि आजको दिन उत्कृष्ट छ।
**मकर :** पारिवारिक विषयलाई लिएर मनमा केही चिन्ता बढ्न सक्छ।
**कुम्भ:** तपाईको साहस र पराक्रमले कठिन कामहरु पनि सजिलै सम्पन्न हुनेछन्।
**मीन:** आर्थिक लाभ हुने र धन सञ्चय गर्ने अवसर मिल्नेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# विश्वविद्यालयको अतिक्रमित जग्गा फिर्ता र उपयोग गर्न महालेखाको सुझाव



काठमाण्डु । त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयको अतिक्रमित जग्गा फिर्ता गरी उचित संरक्षणका साथै आयमूलक कार्यमा उपयोग गर्न महालेखा परीक्षकको ६३ औँ वार्षिक प्रतिवेदन, २०८३ ले सुझाएको छ।

प्रतिवेदनले त्रिभुवन विश्वविद्यालय र अन्तर्गत निकायको पूर्ण स्वामित्वमा एक करोड ३१ लाख २२ हजार वर्गमिटर, भोगाधिकार नौ लाख ९९ हजार वर्गमिटरसमेत र अन्य छ लाख ५३ हजार वर्ग मिटरसमेत एक करोड ४७ लाख ८४ हजार वर्गमिटर जग्गा अतिक्रमित भएको जनाएको हो ।

यस्तै सुदूरपश्चिम विश्वविद्यालय मातहतको टीकापुर बहुमुखी क्याम्पस ३८० बिघा जग्गामध्ये ३०० बिघा तथा पोखरा विश्वविद्यालयको स्वामित्वमा रहेको पोखरा महानगरपालिकाका विभिन्न वडामा नेपाल सरकारबाट भोगाधिकार प्राप्त एक हजार ३७२ रोपनी १३ आना ३ पैसा जग्गामध्ये ६५२ रोपनीभन्दा बढी अतिक्रमण भएको देखिएको छ।

"विश्वविद्यालयहरूले सम्पत्तिको केन्द्रीय लागत राखी सम्बन्धित निकायबाट समन्वय गरी अतिक्रमित जग्गा फिर्ता गरी उचित संरक्षण गर्नुका साथै आयमूलक कार्यमा उपयोग गर्नुपर्छ", प्रतिवेदनमा भनिएको छ।

त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१ ले २०८२ पुस २ मा नेपाल सरकारसमक्ष बुझाएको प्रतिवेदनमा समितिले जग्गाको दुरूपयोग भएका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग र नेपाली प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोमा लेखी पठाउन सुझाव दिएको थियो । सो सुझाव बमोजिम त्रिविले अतिक्रमित जग्गा फिर्ता र संरक्षणका लागि आवश्यक पहल गर्दै आएको छ। रासस

# प्राधिकरणका कर्मचारी अन्य कम्पनीमा सञ्चालक बनेकामा महालेखापरीक्षकको प्रश्न

काठमाण्डु। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकसहितका कर्मचारीलाई सञ्चालकका रूपमा एकभन्दा बढी सहायक कम्पनीमा प्रतिनिधित्व गराइएकामा महालेखापरीक्षकको कार्यालयले प्रश्न उठाएको छ।

प्राधिकरणले विभिन्न कम्पनी स्थापना गरी सञ्चालन गर्दै आएको छ । ती कम्पनीमा कार्यकारी निर्देशक अध्यक्ष रहने व्यवस्था छ । उच्च तहका कर्मचारी सञ्चालकका रूपमा कार्यरत छन्। त्यसरी सञ्चालक नियुक्ति गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्ने प्रावधान छ। सो प्रावधानको ख्याल नगरि गरिएका नियुक्तिमा महालेखापरीक्षकको कार्यालयले प्रश्न उठाएको हो।




प्राधिकरण ऐन, २०४१ अनुसार शेयर लगानी गर्दा सरकारको स्वीकृति लिनुपर्ने प्रावधान छ। सरकारको स्वीकृतिबिना ३५ निकायमा रु ५६ अर्ब आठ करोड ६० लाख बराबरको शेयर लगानी गरिएको छ। प्राधिकरणले विभिन्न कम्पनी स्थापना गरेको छ। त्यसमा सब्सिडिएरी, एशोसिएट तथा अन्य कम्पनी छन्।

गण्डकी प्रदेशका दुई मन्त्रालयबाट सङ्घीय सरकारको स्वीकृति नलिई रु ३८ करोड १३ लाख बराबरको रकम प्राप्त गरेकामा महालेखापरीक्षकको कार्यालयले प्रश्न उठाएको छ । प्राधिकरणले २५३ स्वतन्त्र ऊर्जा उत्पादकसँग १६ हजार २७ मेगावाट बराबरको विद्युत् खरिद प्रक्रियामा तय गरिएको योजना र वास्तविक विद्युत् उत्पादनको तुलना गर्दा अधिकांश महिनामा योजनाभन्दा उत्पादन भएकाले प्राधिकरणलाई रु २६ करोड ८८ लाख किलोवाट घण्टा विद्युत् उत्पादन कम भएको देखिन्छ।

उत्पादनमा कमी भएकाले मित्रराष्ट्रबाट थप विद्युत् आयात गर्नुपरेको महालेखापरीक्षक कार्यालयको ६३औँ प्रतिवेदनमा जनाइएको छ। त्यसका लागि अनुमानित रु एक अर्ब २२ करोड ७९ लाख बराबरको व्ययभार पर्न गएको छ। सुक्खा महिनामा आयातित बिजुलीमा भर पर्नुपर्ने अवस्था छ । नदी प्रवाही प्रकृतिका आयोजनाबाट उत्पादित बिजुली बर्षायाममा खेर जाने र हिउँदामा प्राप्त नहुने अवस्था रहनुलाई पनि महालेखापरीक्षकको कार्यालयलले जिज्ञासा राखेको छ।

यसरी प्राधिकरणलाई घाटा भइरहेको विषयलाई ध्यान दिई व्यावसायिक विद्युत् योजनासहित खरिद सम्झौता गर्नुपर्ने महालेखापरीक्षकको कार्यालयले सुझाव दिएको छ । यसैबीच प्राधिकरणले समयमा पोल नसर्दा सडक निर्माणको लागत बढ्न गएको समेत महालेखापरीक्षकको कार्यालयको ६३औँ प्रतिवेदनमा उल्लेख छ। सडक विभाग र प्राधिकरणबीच २०७९ वैशाख १६ गते भएको सम्झौतामा राजमार्ग विस्तारका क्रममा साविकका पोल स्थानान्तरण, विद्युत् प्रणालीको सुदृढीकरण गर्दा नयाँ लाइन निर्माण गर्नुपर्ने भए सो को खर्च प्राधिकरणले गर्ने उल्लेख छ । काँकडभिट्टा लौकहीखण्डको ११० किलोमिटर सडकको पुराना संरचना हटाउँदा रु ८८ करोड ६२ लाख बराबरको खर्च हुने देखिन्छ । त्यसमा नयाँ पोल राख्ने र पुरानो हटाउँदा रु ११ करोड ९८ लाख बराबरको रकम आयोजनाले व्योहोर्ने र बाँकी प्राधिकरणले खर्च गर्ने उल्लेख छ। सो सडक खण्डका तीन वटा ठेक्का प्याकेजबाट रु ७६ करोड ९० लाख अर्थात् ८६ दशमलव ७८ प्रतिशत रकम सडक आयोजनाले बेर्होने गरी सम्झौता भएको छ।

नयाँ संरचना बनाउँदाको सम्पूर्ण खर्च आयोजनाको लागतमा समावेश हुँदा थप महँगो हुन गएको छ । आयोजनाको लागत बढ्न गएको तथा प्राधिकरणसँगको सम्झौता कार्यान्वयन नभएकामा महालेखाले प्रश्न उठाएको छ।

हुलाकी राजमार्गअन्तर्गत बर्दियाको मैनापोखरदेखि गुलरिया सडकखण्डमा पर्ने विद्युत् लाइन स्थानान्तरण कार्यका लागि पुराना पोल हटाउँदा त्यस्तै भएको छ। नयाँ पोल खरिद, पुरानो स्थानान्तरण, केबल, ट्रान्सफर्मरलगायतका सामग्री र ज्याला एवं ढ्वानीका लागि रु ९२ लाख ११ हजार भुक्तानी भएको छ।

दुई सय ६४ पोल स्थानान्तरण र १९५ पोल खरिद गरिएको छ । सम्झौताविपरीत विद्युत् लाइन सुदृढीकरणका लागि प्राधिकरणबाट गरिनुपर्ने खर्च आयोजनाबाट भुक्तानी गरिनु उचित नभएको महालेखापरीक्षकको कार्यालयले प्रतिवदेनमा उल्लेख गरेको छ। रासस

## मर्दी पदयात्राका क्रममा हराएका पर्यटक मृत फेला

कास्की। मर्दी हिमाल पदयात्राका क्रममा मर्दीको 'भ्युपोइन्ट'बाट गत वैशाख ३० गतेदेखि हराएका एक पर्यटक आज मृत फेला परेका छन्। हराएका व्यक्ति काठमाडौँको सङ्घाराम बुद्धविहारका भिक्षु धामिसरो रहेको पछि पहिचान भएको थियो।

सुरक्षाकर्मी तथा स्थानीय पर्यटन व्यवसायीसहितको टोली खोजी गर्ने क्रममा मर्दी हिमालको माथिल्लो भ्युपोइन्टस्थित ठूलो पहाडमुनि खोँचमा शव फेला पारेको मर्दी ट्रेक व्यवस्थापन समितिका अध्यक्ष राजकुमार तामाङले जानकारी दिनुभयो। उहाँका अनुसार हिउँमा केही डाम देखिएपछि सोही आधारमा उद्धार टोली खोज्दै जाँदा भिरबाट धेरै तल कपडा देखेपछि तीन घण्टा लगाएर तल झरेको थियो।

अध्यक्ष तामाङले कठिन भौगोलिक अवस्थाका कारण शव उद्धार गर्न नसकिएको बताउनुभयो। "अप्ठ्यारो भूगोलका कारणले मानिसले बोकेर माथि ल्याउन सकिने अवस्था छैन। हेलिकप्टरबाट उद्धारका लागि प्रशासन, प्रहरी र गाउँपालिकालाई जानकारी गराएका थियौँ। चार घण्टासम्म कुर्दासमेत हेलिकप्टर नआएपछि हामी पुनः हाइक्याम्प फर्किएका छौँ," तामाङले भन्नुभयो।

मर्दीको लोक्याम्पमा बास बसेर भोलिपल्ट समुद्री सतहबाट चार हजार २०० मिटर उचाइमा अवस्थित मर्दीको भ्युपोइन्ट पुगेका उनी 'टिसप'मा आफ्नो झोला राखेर 'केही बेर वरिपरिको दृश्यावलोकनका लागि जान्छु भन्दै' निस्किनुभएका थिए। रासस

# 'एसइई'मा शत्प्रतिशत नतिजा ल्याउने काठमाडौँका चार विद्यालय

काठमाण्डु । काठमाण्डु महानगरपालिकाभित्रका चार सामुदायिक विद्यालयले माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ मा शत्प्रतिशत विद्यार्थी 'ग्रेडेड' गराउन सफल भएका छन् । यस्तो नतिजा ल्याउनेमा केन्द्रीय बहिरा माध्यमिक विद्यालय नक्साल, श्रम राष्ट्रिय माध्यमिक विद्यालय कुमारीगाल, बाल व्यवसायी माध्यमिक विद्यालय सिफल र बाल सेवा माध्यमिक विद्यालय झोछेँ रहेका छन्।

**सत्ताइस वर्षदेखि निरन्तर सफल केन्द्रीय बहिरा मावि**

नक्सालमा रहेको केन्द्रीय बहिरा माध्यमिक विद्यालयले २०५५ सालदेखि नियमित रूपमा शत्प्रतिशत नतिजा ल्याइरहेको छ । विसं २०२८ मा स्थापित उक्त विद्यालय परिवारको अथक मिहिनेतले यस्तो नतिजा ल्याउन सफल भएको प्रधानाध्यापक उपेन्द्र यादव बताउनुहुन्छ।

उक्त विद्यालयमा अध्ययन गर्ने कान नसुन्ने (बहिरा) २१ जना विद्यार्थी यस वर्षको एसइई परीक्षामा सहभागी भएका थिए । यहाँ यस्ता विद्यार्थीलाई दृश्यको माध्यमबाट शिक्षण सिकाइ गरिँदै आएको छ । विविध समस्याका बाबजुत २७ वर्षदेखि नतिजामा सधैँ अगाडि रहेको प्रधानाध्यापक यादवले बताउनुभयो।

**विगत दश वर्षदेखि शत्प्रतिशत**

यस्तै, विसं २०७२ देखि निरन्तर शत्प्रतिशत नतिजा ल्याउन सफल भएको श्रम राष्ट्रिय माध्यमिक विद्यालयले २०८२ सालको एसइईमा पनि आफूलाई अब्बल सावित गरेको छ।

विद्यालयका सहायक प्रधानाध्यापक सरोज खनालले फरक पठनपाठन संस्कार र निरन्तर मेहनतले उत्कृष्ट नतिजा ल्याउन सहज भएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी चाडपर्वको दिनबाहेक अन्य कुनै पनि बिदामा विद्यालय बन्द गर्दैनौँ । अनिवार्य विषयहरू गणित, विज्ञान र अङ्ग्रेजीको नियमित पठनपाठन हुन्छ । यसरी राम्रो नतिजासहित ल्याउन अहोरात्र खटिने सबै विषयगत शिक्षकका कारण यस्तो सम्भव भएको हो।"

खनालले शत्प्रतिशत नतिजा ल्याउन मात्र नभई औसत जिपिए पनि उत्कृष्ट रहेकाले विगत तीन वर्षदेखि काठमाडौँ महानगरपालिकाले पुरस्कार प्रदान गर्दै आएको र आगामी दिनमा पनि उत्कृट नतिजा ल्याउन विद्यालय परिवारले मेहनत गरिरहने प्रतिबद्धता जनाउनुभयो।

**बाल व्यवसायीले अभिभावकलाई समेत आय आर्जनका लागि सीप**

यसैगरी, बाल व्यवसायी माध्यमिक विद्यालय विगत दुई वर्षदेखि शत्प्रतिशत नतिजा ल्याइरहेको छ । विसं २०२८ मा स्थापना भएको उक्त विद्यालयले शारीरिक रूपमा अशक्त बालबालिकालाई पनि अध्ययन अध्यापन गराउँदै आएको प्रधानाध्यापक रामचन्द्र ढुङ्गानाले जानकारी दिनुभयो । यस विद्यालयबाट २०८२ मा परीक्षा दिएका सबै ३३ विद्यार्थी नै 'ग्रेडेड' भएका छन्।



विद्यालयले बालबालिकाको पठनपाठनमा सहजताका लागि उनीहरूका अभिभावकलाई समेत आयआर्जनका लागि सिलाइबुनाइको काम प्रदान गर्दै आएको छ। यसले अभिभावकलाई आफ्ना बालबालिकाको न्यूनतम आवश्यकता पूर्तिका लागि सघाउँ पुगेको प्रधानाध्यापक ढुङ्गानाको भनाइ छ।

हाल उक्त विद्यालयमा ८९ जना शारीरिक रूपमा अशक्त बालबालिकासहित चार सय २७ बालबालिकाले अध्ययन गरिरहेका छन्।

**'महानगरको लगानीले हामीलाई सहज भइरहेको छ'**

यसपटक एसइईमा शत्प्रतिशत नतिजा ल्याउनेमा बाल सेवा माध्यमिक विद्यालय झोछेँले पनि पर्छ । विगतमा भौतिक पूर्वाधारको अभावका कारण यस विद्यालयमा बालबालिका टिकाउनै कठिन थियो । पछिल्लो समय महानगरपालिकाले शिक्षामा गरेको लगानी र विद्यालय परिवारको निरन्तर मिहिनेतले बालबालिकालाई टिकाउन र गुणस्तरीय शिक्षण सिकाइका लागि पनि सहज भएको प्रधानाध्यापक मञ्जु पाठकले बताउनुभयो।

उहाँका अनुसार यस विद्यालयमा करिब ९० प्रतिशत बालबालिका आर्थिक रूपमा विपन्न परिवारका छन् । एकपटक भर्ना गरिसकेपछि चाहेर पनि विद्यालयले अभिभावकसँग बसेर सिकाइ सुधारका लागि छलफल गर्ने अवस्था नै छैन।

"अभिभावकमा भर्ना गरिसकेपछि सबै जिम्मेवारी विद्यालयको हो भन्ने धारणा छ। कापीकलम, विद्यालयको पोसाक आफ्ना नानीबाबुको पढाइ कस्तो छ, नियमित विद्यालय गएका छन् कि छैनन् भन्ने विषयमा उहाँहरु बेखबरजस्तै हुनुहुन्छ", प्रअ पाठक भन्नुहुन्छ, "विभिन्न सङ्घसंस्थासँग आग्रह गरेर केही बालबालिकाको घरमा रासनपानी र विद्यालयमा आवश्यक पर्ने कापीकलमसहित अन्य शैक्षिक सामग्री व्यवस्था गर्दै आएका छौँ । त्यसैले विभिन्न समस्याका बीच पनि राम्रो नतिजा ल्याइरहेका छौँ।"

**हरेक वर्ष नतिजा सुधार्दै महानगर**

महानगर शिक्षा विभागका प्रमुख नमराज ढकालले यस वर्ष महानगरका ७६ दशमलव ७५ प्रतिशत विद्यार्थी एसइईमा 'ग्रेडेड' भएको जानकारी दिनुभयो। नतिजा सुधार कार्यक्रम लागू भएका विद्यालयमा एसइई नतिजा सन्तोषजनक रहेको उहाँले बताउनुभयो।

यसपटक यहाँका ६० वटा विद्यालयबाट चार हजार १६७ विद्यार्थी परीक्षामा सहभागी भएका थिए। गत वर्ष चार हजार ८५ जना परीक्षार्थीमध्ये तीन हजार १०९ जना (७६ दशमलव ०८ प्रतिशत) ग्रेडेड थिए। यस वर्ष ८२ जना बढी विद्यार्थी परीक्षामा सहभागी भएका थिए।

सहभागीमध्ये तीन दशमलव छदेखि चार जिपिए प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या पाँच सय ४३ छ। यस्तै, तीन दशमलव छदेखि चार जिपिए प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या पाँच सय ४३ छ । यस्तै, तीन दशमलव दुईदेखि तीन दशमलव छ जिपिए ल्याउने विद्यार्थीका दुईदेखि तीन दशमलव छदेखि चार जिपिए प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या पाँच सय ४३ छ।

यस्तै, तीन दशमलव दुईदेखि तीन दशमलव छ जिपिए ल्याउने विद्यार्थीका छ जिपिए ल्याउने विद्यार्थीको सङ्ख्या एक हजार चार, दुई दशमलव आठदेखि तीन दशमलव दुई जिपिए ल्याउने एक हजार १५३, दुई दशमलव चारदेखि दुई दशमलव आठ जिपिए ल्याउने चार सय ६९ र दुईदेखि दुई दशमलव चार जिपिए ल्याउने १४ जना छन् । यसमा गएको वर्षमाथि उल्लिखित जिपिए ल्याउने क्रमशः सात सय ७४, एक हजार १५६ जना, नौ सय दुई, दुई सय ४६ र १४ जना रहेका थिए।

यसरी उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या वृद्धि भइरहेको र तल्लो तहको जिपिए प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या घट्दै गएको पाइन्छ । गत वर्ष नौ सय ७६ जना 'ननग्रेडेड' भएकामा यस वर्ष त्यो सङ्ख्या नौ सय ६९ जना छ।

**नतिजा सुधार गर्न महानगरको प्रयास**

विद्यालयको शैक्षिक गुणस्तरमा आएको सुधार, विद्यार्थीमा मिहिनेत गर्ने बानीको विकास, शिक्षकको अध्यापनप्रति बढ्दो लगाव, नतिजा सुधारका लागि महानगरले बिदाका समयमा पनि सञ्चालन गरेका 'क्याम्प' कक्षा तथा विशेष निगरानीका कारण नतिजामा सुधार भइरहेको जानकारहरू बताउँछन्।

महानगर शिक्षा अधिकृत केशव ज्ञवालीका अनुसार सिकाइप्रति विद्यार्थीको रुचि जगाउन, सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन र तनावरहित सिकाइलाई अभ्यासमा ल्याउन 'पुस्तकरहित शुक्रबार' कार्यक्रमले राम्रो योगदान गरिरहेको छ। यस कार्यक्रममा विद्यार्थीले पाठ्यक्रम, सहपाठ्यक्रम र अतिरिक्त पाठ्यक्रमलाई एकीकृत गरेर विद्यार्थीको बहुआयामिक सिकाइको अभ्यास हुने गरेको उहाँले जानकारी दिनुभयो।

"शिक्षामा रूपान्तरण ल्याउन विद्यार्थीको सिकाइ सुधार गर्नु महानगरको प्राथमिकता हो । यसलाई सम्भव बनाउन विद्यार्थीको सिकाइमा कमजोरीका कारण बुझेर सोहीअनुसार सुधार कार्यक्रम कार्यान्वयन भइरहेका छन्", शिक्षा अधिकृत ज्ञवालीले भन्नुभयो,"शिक्षकको दक्षता अभिवृद्धि गर्न शिक्षक तालिम सञ्चालन गरिएको छ। स्मार्ट कक्षा कोठामा अध्ययन गर्न साधन उपकरण र पूर्वाधार थपिएको छ। रासस

# चिनीमा आत्मनिर्भरताका लागि उत्पादन वृद्धिको योजना

काठमाण्डु। सरकारले चिनीमा परनिर्भर हुनुपर्ने विद्यमान अवस्था अन्त्यका लागि उन्नत जातका उखुमार्फत उत्पादन वृद्धिको योजना अघि सारिएको स्पष्ट पारेको छ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयमार्फत नेपालमा सञ्चालित चिनी उद्योगको उत्पादन क्षमता अभिवृद्धिका लागि सबै पक्षको समन्वयमा किसानलाई उखु खेतीमा आधुनिक प्रविधिको प्रयोगका सम्बन्धमा सहजीकरण गर्ने तयारी भइरहेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ।

भारत सरकारले हालै चिनी निर्यातसम्बन्धी नीतिगत व्यवस्थामा परिवर्तन गरी निर्यातमा प्रतिबन्ध लगाएको परिस्थितिका बीच सरकारले उक्त तयारी थालेको हो।

आम उपभोक्ताको हित, बजार मूल्यको स्थिरता तथा चिनीको सहज उपलब्धताका सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले हालै नेपाल चिनी उत्पादक सङ्घका पदाधिकारी र सरोकारवाला मन्त्रालय/निकायका प्रतिनिधिसँग छलफल गर्नुभएको मन्त्रालयले जनाएको छ।



सरकारले दीर्घकालीन रूपमा चिनीमा आत्मनिर्भरताका लागि चिनी उत्पादनको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने योजना बनाएको छ। उद्योगीहरूले पनि बजारमा चिनीको सहज तथा सुलभ मूल्यमा नियमित आपूर्ति गर्ने प्रतिबद्धता जनाएका छन्।

बजारमा चिनीको अभाव हुन नदिन आपूर्ति मन्त्रालयले उत्पादन प्रवर्द्धन, आपूर्ति व्यवस्थापन, बजार अनुगमन र नियमनलाई प्रभावकारी बनाउने निर्णय गरेको छ । उद्योगी-व्यवसायीले उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, स्वच्छ बजार र उपभोक्ता हित संरक्षणमा सहयोग पुऱ्याउनेछन्।

आमनागरिकको दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राखे चिनीलगायत अत्यावश्यक वस्तुको आपूर्ति तथा मूल्य स्थिरता कायम गर्न पूर्णरूपमा प्रतिबद्ध रहेको आपूर्ति मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीले जानकारी दिनुभयो।

नेपालमा सञ्चालित चिनी उद्योगमा भएको मौज्दात तथा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले आयात गरेको चिनीले करिब आठ महिनाको माग पूरा उद्योग मन्त्रालयले जनाएको छ। रासस


## श्री धनुष जनता (प्रा. तथा व्या. शिक्षा) मा. वि.
धनुषाधाम नगरपालिका, धनुषा

## शिक्षक तथा कर्मचारी भर्ना सम्बन्धी संशोधित सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति : २०८३/०१/२४**
**संशोधित सूचना प्रकाशित मिति : २०८३/०२/०२**


धनुषाधाम नगरपालिका धनुषाको च.नं. ९७३, ९७४, र ९७५ मिति २०८३/०१/२३ अनुमति र सिफारिश एवंम यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०१/२३ गतेको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको तपसिलका शिक्षक तथा कर्मचारी पदहरुमा करार सेवामा शिक्षक तथा कर्मचारी पदपुर्ति गर्नुपर्ने भएकोले इच्छुक सरोकारवाला सबैले आजको मितिले १५ दिन भित्र योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आव्हान गरिन्छ।

तपसिल :-

| क्र. स. | विज्ञापन नं. | प्रकार | विषय/पद | तह र श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०८२/०८३ | अस्थायी करार | का.स. (पद) | श्रेणी विहिन | १ | धनुषाधाम न.पा. च.नं. ९७५ अनुसार |
| २. | ०२/२०८२/०८३ | अस्थायी करार | स.लेपा. (पद) | श्रेणी विहिन | १ | धनुषाधाम न.पा. च.नं. ९७३ अनुसार |
| ३. | ०३/२०८०/०८१ | अस्थायी करार | इलेक्ट्रीकल | नि.मा.शि.तृ. (overseer) वा सो सरह | १ | धनुषाधाम न.पा. च.नं. ९७४ अनुसार |

१. **न्यूनतम शैक्षिक योग्यता** :-
   क. कार्यालय सहयोगीका लागि साधारण लेखपढ जानेको।
   ख. सहायक लेखापालका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्रमा कक्षा १२ उर्तिण वा सो सरह गरी ६ महिनाको कम्प्यूटर सम्बन्धी तालिम प्राप्त गरेको।
   ग. सह प्रशिक्षक (नि.मा.तृ.) इलेक्ट्रीकल विषयमा Diploma in Electrical Engineering वा सो सरह।
   **नोट**: वैदेशिक प्रमाण पत्रको हकमा समकक्षता प्रमाण पत्र पेश गर्नुपर्ने।
२. **उमेर**: २१ वर्ष पुरा गरी ४० वर्ष ननाघेको।
३. **निवेदन दस्तुर**: तिन वटै पदका लागि रु १०००।- (अक्षरेपी रु एक हजार मात्र) यस विद्यालयको नाममा रहेको सिटिजन्स बैंकको खाता नं. १०३०१००००००७१२०१ मा दाखिला गरी सक्कल भौचर निवेदन साथ विद्यालयमा पेश गर्नुपर्ने छ।
४. **निवेदन दिने** मिति २०८३/०१/२३ गते देखि २०८३/०२/०५ गते बेलुका ४:०० बजे सम्म।
५. **स्थान**: श्री धनुष जनता मा.वि. धनुषाधाम न.पा. ३ धनुषाधाम विद्यालयको समयमा।
६. निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, सम्पूर्ण शैक्षिक योग्यताहरुको प्रमाण पत्रको प्रतिलिपीहरु, स्थायी अध्यापन अनमति पत्र NEC दर्ता प्रमाण पत्रको प्रतिलिपी।
७. **परीक्षाको किसिम** : लिखित, मौखिक र प्रयोगात्मक (शिक्षक सेवा आयोगको विषयगत पाठ्यक्रम अनुसार)
८. सर्म्पक मिति पछि प्रकाशन गरिनेछ।
९. **सर्म्पक नम्बर**: ९८६२०८२७८२, ९८०७६९७६६५,

प्रधानाध्यापक



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

# मधेशमा कमजोर सरकार

मधेश प्रदेश सरकारका मुख्यमन्त्री (सीएम)कृष्ण यादवले १ गते विश्वासको मत लिन प्रदेश सभालाई जनाउ दिएका थिए । सोही अनुसारको नै कार्यसूची पनि तयार भएको थियो ।सांसदहरु पनि जुटेका थिए ।तर सीएम यादवले विश्वासको मत लिन चाहेनन् ।उनले सभामुख रामअशिष यादवलाई समेत विवादमा तान्ने गरी विश्वासको मत लिने समय सार्न प्रदेश सभा सचिवालयमा पत्राचार गरे ।प्रदेश सभाको बैठक बस्ने अन्तिम समयमा मुख्यमन्त्री यादवले पत्राचार गरेपछि प्रदेश सभामा विवाद पनि उत्पन्न भएको थियो ।तर अनुभवी र कुशल सभामुख यादवले सर्वसदलीय सहमति गराएर विश्वासको मत लिने तिथि मुख्यमन्त्री यादवको सहुलियत अनुसार ८ गते सारे ।त्यसको आलोचना पनि भयो ।तर सबै दलको सहमतिमा सारिएकोले सदन भित्र त्यो विषय उठेन् ।सरकारमा रहेका दलहरुमध्ये जनमत पार्टीले मात्र समर्थन फिर्ता लिएको छ ।जनमत पार्टीले फिर्ता लिएपछि सीएमले ३० दिन भित्र विश्वासको मत लिनैपर्ने छ ।सत्ता साझेदार दलहरु नेपाली कांग्रेस, नेकपा(नेकपा एस समेत), जसपा नेपाल (लोसपा)सहितले सरकारलाई निरन्तरता दिने सहमति गरे ।त्यो सहमति अनुसार नै सीएम यादवले विश्वासको मतका लागि शुक्रवारको दिन तोकेका थिए ।तर उनले बुझ्नै नसक्ने गरी कांग्रेसका सांसदहरु फ्लोर क्रस गर्ने तयारी गरिसकेका थिए ।जसपा नेपालमा पनि सरकारलाई समर्थन गर्ने नगर्नेमा सांसदहरु विभाजित छन् ।जसपा नेपाल र लोसपाबीच समायोजन भइसकेको छ ।दुबै पार्टीको एउटै संसदीय दल बनेको छ ।त्यसको नेता सरोज कुमार यादव छन् ।तर सबैभन्दा निकृष्ट कार्य जनमतमा भइरहेको छ ।प्रदेश सभामा पार्टी विपक्षी बेञ्चमा रहँदा सरकारमा सो पार्टीबाट मन्त्री रहेका वसन्त कुशवाहा पनि सोही बेञ्चमा बसेका थिए ।तर उनी मन्त्री पनि रहेका छन् ।मन्त्री रहेको अवस्थामा विपक्षी बेञ्चमा बसेको दृष्टान्त मधेश प्रदेश बाहेक अन्यत्र कतै देखिएको छैन् ।सरकार र विपक्षी दुबै बेञ्चमा रहने जनमत पार्टीका सांसदहरुमा लोकतान्त्रिक संस्कार नरहेको प्रष्ट देखिन्छ ।सरकारमा रहनु मात्र सबै थोक होइन् ।त्यसको पनि मर्यादा हुन्छ ।हुन त विपक्षमा पनि बस्ने र मन्त्री पनि रहनेलाई सीएमले हटाउन नसक्नु पनि उनको निरीहता हो ।सरकारको निष्कृयता र भ्रष्टाचारोन्मुख कार्यले सांसदहरुमा चरम असन्तुष्टि देखिएको छ ।उनीहरु सरकारको क्रियाकलापबाट अत्यन्त दुखी बनेका छन् ।सरकार विश्वासको संकटमा देखिएको बेला पनि उपभोक्ताहरुलाई योजना वितरणको कार्य व्यापक रुपमै भइरहेको छ ।महँगी बढेको कारण उपभोक्ता समिति मार्फत काम गर्नेहरुले बिचौलिया र मन्त्रीहरुलाई कमिसनको प्रतिशत निकै घटाएका छन् ।निर्माण सामग्रीहरुको मूल्य अचाक्ली बढेको छ ।

# सार्वजनिक जवाफदेहिताको संकट र रूपान्तरणका मार्गचित्र



सुजीत कुमार झा

लोकतन्त्रको सार मात्रै निर्वाचन, सरकार गठन वा संविधानको अस्तित्वमा सीमित हुँदैन; यसको वास्तविक आत्मा सार्वजनिक जवाफदेहितामा निहित हुन्छ । राज्यका निकाय, सार्वजनिक संस्था र तिनका पदाधिकारीहरूले आफूलाई जनताप्रति कति उत्तरदायी ठान्छन् भन्ने कुराले लोकतन्त्रको गुणस्तर निर्धारण गर्छ । जहाँ जवाफदेहिता बलियो हुन्छ, त्यहाँ नागरिकको राज्यप्रति विश्वास बलियो हुन्छ; जहाँ यो कमजोर हुन्छ, त्यहाँ असन्तोष, अविश्वास र प्रणालीप्रतिको वितृष्णा बढ्दै जान्छ ।

नेपालको वर्तमान सन्दर्भमा सार्वजनिक जवाफदेहिताको प्रश्न झन् जटिल बन्दै गएको छ । संविधानले नागरिकलाई अधिकार दिएको छ, राज्यका निकायहरू निर्माण भएका छन्, लोकतान्त्रिक संस्थाहरू अस्तित्वमा छन्, तर व्यवहारमा नागरिकले अझै पनि सहज, पारदर्शी र उत्तरदायी सेवा पाउन सकिरहेका छैनन् । बालेन्द्र शाह नेतृत्वको सरकारले सुधारका केही प्रयास गरेपनि सेवाग्राहीको अनुभव हेर्दा सरकारी कार्यालयमा पुग्ने सामान्य नागरिकले अझै पनि लामो प्रतीक्षा, अनावश्यक झन्झट, बिचौलियाको दबाब र कतिपय अवस्थामा अतिरिक्त 'नजराना' दिनुपर्ने बाध्यता झेल्नुपरेको छ । यसले लोकतन्त्रको आत्मामाथि नै प्रश्न खडा गरेको छ ।


नेपालमा जवाफदेहिताको अवस्था बुझ्न विभिन्न संवैधानिक निकायका प्रतिवेदनहरू हेर्न पर्याप्त हुन्छ । महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले हरेक वर्ष बढ्दो बेरुजू, सार्वजनिक खरिदमा अनियमितता र आर्थिक पारदर्शिताको कमीलाई औँल्याउँदै आएको छ । पुँजीगत बजेट खर्चको न्यून स्तर र राजस्व परिचालनमा देखिने कमजोरीले वित्तीय अनुशासन कमजोर रहेको पुष्टि गर्छ । त्यस्तै, अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता हुने हजारौँ उजुरीहरूले सार्वजनिक पदमा बसेका व्यक्तिहरूमा शक्ति र स्रोतको दुरुपयोग गहिरो रूपमा फैलिएको संकेत दिन्छ ।

राष्ट्रिय मानव अधिकार आयोगका प्रतिवेदनहरूले पनि राज्यका निकायहरूबाटै नागरिकका आधारभूत अधिकार उल्लंघन हुने प्रवृत्तिलाई उजागर गरेका छन् । अन्तर्राष्ट्रिय संस्थाहरू–जस्तै Transparency International, World Bank / International Monetary Fund–का सूचकहरूमा नेपालको सुशासन, पारदर्शिता र सार्वजनिक आचरण अझै कमजोर रहेको देखिन्छ । यी तथ्यहरूले एउटा कुरा स्पष्ट गर्छन्–समस्या मात्रै धारणा होइन, वास्तविकता हो ।

सार्वजनिक जवाफदेहिता कमजोर हुनुका कारणहरू बहुआयामिक छन् । पहिलो, संरचनागत अस्पष्टता । नेपालमा धेरैजसो सार्वजनिक निकायहरूमा जिम्मेवारीको स्पष्ट विभाजन छैन । निर्णय कसले गर्ने, उत्तरदायित्व कसले लिने भन्ने विषयमा स्पष्टता नहुँदा दोष एकअर्कामाथि सार्ने प्रवृत्ति बलियो छ । दोस्रो, कार्यसम्पादन मूल्याङ्कनको अभाव । अधिकांश सार्वजनिक पदाधिकारीहरूलाई कामको नतिजाका आधारमा मूल्याङ्कन गर्ने प्रणाली छैन । काम राम्रो गरे पुरस्कार र गल्ती गरे दण्ड भन्ने संस्कार संस्थागत हुन सकेको छैन ।

तेस्रो, अपारदर्शिताको संस्कृति । अझै पनि सूचना लुकाएर शक्ति आर्जन गर्ने मानसिकता प्रशासनिक संस्कृतिमा बलियो छ । सूचना अधिकार कानुन भए पनि धेरै सार्वजनिक निकायहरूले आवश्यक जानकारी सहज रूपमा उपलब्ध गराउन हिच्किचाउँछन् । 'खुला सरकार' भन्ने अवधारणा व्यवहारमा भन्दा भाषणमा बढी सीमित देखिन्छ ।

चौथो, राजनीतिक हस्तक्षेप । नेपालको प्रशासनिक संरचनामा राजनीतिक प्रभाव अत्यधिक छ । कर्मचारी नियुक्ति, सरुवा, बढुवा र नीति निर्माणमा समेत राजनीतिक स्वार्थ हाबी हुँदा व्यावसायिकता कमजोर भएको छ । संसद् र संसदीय समितिहरूले गर्नुपर्ने निगरानी धेरैजसो राजनीतिक समझदारी वा सौदाबाजीमा हराउने गरेको छ ।



यस्तो अवस्थामा जवाफदेहितालाई मजबुत बनाउन परम्परागत संयन्त्र मात्र पर्याप्त हुँदैन । महालेखा परीक्षण, संसदीय प्रश्न वा अख्तियारको छानबिन आवश्यक छन्, तर यिनले मात्रै समस्या समाधान गर्दैनन् । अब नयाँ सोच र नवीन उपकरणहरूको आवश्यकता छ ।

सबैभन्दा पहिले, नतिजामूलक कार्यसम्पादन प्रणाली विकास गर्नुपर्छ । प्रत्येक सार्वजनिक निकाय र पदाधिकारीका लागि स्पष्ट लक्ष्य र मापनयोग्य सूचक निर्धारण गरिनुपर्छ । उदाहरणका लागि, कुनै कार्यालयले कति समयमा सेवा दिनुपर्छ, कति गुनासो समाधान गर्नुपर्छ भन्ने स्पष्ट मापदण्ड हुनुपर्छ । यसले जिम्मेवारीलाई व्यक्तिगत र संस्थागत दुवै रूपमा स्पष्ट बनाउँछ ।

दोस्रो, नागरिक बडापत्रलाई प्रभावकारी बनाउनुपर्छ । नेपालमा नागरिक बडापत्रको अवधारणा नयाँ होइन, तर अधिकांश कार्यालयमा यो मात्रै बोर्डमा टाँसिएको कागजमा सीमित छ । यसलाई 'क्षतिपूर्तिसहितको नागरिक बडापत्र' मा रूपान्तरण गर्नुपर्छ–यदि सेवा समयमै उपलब्ध भएन भने नागरिकले क्षतिपूर्ति पाउने व्यवस्था हुनुपर्छ । यसले सेवाप्रदायकलाई उत्तरदायी बनाउँछ ।

तेस्रो, सूचना प्रविधिको प्रभावकारी उपयोग । डिजिटल युगमा पारदर्शिता बढाउन प्रविधि सबैभन्दा बलियो साधन हो । सार्वजनिक खर्च, खरिद प्रक्रिया, निर्णय, बजेट र परियोजनाको प्रगति सबै नागरिकले अनलाइन हेर्न सक्ने व्यवस्था हुनुपर्छ । ई-गभर्नेन्स मात्रै वेबसाइट बनाउने विषय होइन; यो नागरिकलाई सशक्त बनाउने माध्यम हो ।

सार्वजनिक खरिद नेपालको सबैभन्दा संवेदनशील क्षेत्रमध्ये एक हो । सरकारी बजेटको ठूलो हिस्सा यही क्षेत्रमा खर्च हुन्छ, तर अनियमितता र भ्रष्टाचारको आरोप पनि यही क्षेत्रमा बढी लाग्छ । यदि खरिद प्रणालीलाई पूर्ण रूपमा डिजिटल, प्रतिस्पर्धी र पारदर्शी बनाउन सकियो भने ठूलो सुधार सम्भव छ ।

संघीयताको कार्यान्वयनसँगै स्थानीय तहमा ठूलो अधिकार पुगेको छ । यसको मूल उद्देश्य नागरिक र निर्णय प्रक्रियाबीचको दूरी घटाउनु थियो । तर स्थानीय तहमा पनि पारदर्शिता र जवाफदेहिताको संस्कृति बस्न सकेको छैन भने संघीयताको उद्देश्य अपूर्ण रहन्छ । गाउँपालिका वा नगरपालिकाका जनप्रतिनिधिहरूले नियमित सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र नागरिकसँग प्रत्यक्ष संवादलाई संस्थागत गर्नुपर्छ ।

निर्णय प्रक्रियामा अर्को समस्या 'नीतिगत निर्णय' को नाममा व्यक्तिगत जिम्मेवारीबाट उम्किने प्रवृत्ति हो । धेरैजसो विवादास्पद निर्णयहरू मन्त्रिपरिषद्को सामूहिक निर्णय भन्दै व्यक्तिगत जवाफदेहिताबाट बच्ने प्रयास गरिन्छ । यसका लागि 'नीतिगत निर्णय' को स्पष्ट परिभाषा र सीमारेखा आवश्यक छ ।

आचारसंहिता र नैतिकता पनि जवाफदेहिताको मूल आधार हुन् । सार्वजनिक पदाधिकारीहरूका लागि कानुन मात्र पर्याप्त हुँदैन; नैतिक मापदण्ड पनि आवश्यक हुन्छ । मन्त्री, सांसद, न्यायाधीश र कर्मचारीहरूका लागि छुट्टाछुट्टै कडा आचारसंहिता हुनुपर्छ । सम्पत्ति विवरण सार्वजनिक गर्ने, हितको द्वन्द्व घोषणा गर्ने र नैतिक उल्लंघनमा तत्काल कारबाही गर्ने व्यवस्था हुनुपर्छ ।

नागरिक समाज र मिडियाको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । खोज पत्रकारिताले धेरै भ्रष्टाचारका मुद्दाहरू उजागर गरेको छ । ीबष्तिब ल्ष्धबक ीबलम क्अब जस्ता प्रकरणहरू मिडियाको दबाबकै कारण राष्ट्रिय बहस बने । यस्ता दर्जनौ समस्या मिडियाले नै उठाएका छन् । स्वतन्त्र नागरिक समाज, मानव अधिकारकर्मी र सामाजिक अभियन्ताहरूले राज्यलाई निरन्तर प्रश्न गरिरहनुपर्छ ।


तर अन्ततः जवाफदेहिता मात्रै बाहिरी दबाबबाट आउँदैन; यो भित्री संस्कारबाट आउँछ । सार्वजनिक पदमा बसेको व्यक्तिले आफूलाई 'शक्तिसम्पन्न मालिक' होइन, 'जनताको सेवक' ठान्नुपर्छ । यही चेतनाको अभाव अहिलेको सबैभन्दा ठूलो संकट हो ।

नेपालमा जवाफदेहिताको संकट गहिरो छ, तर समाधान असम्भव छैन । इमानदार पदाधिकारीलाई प्रोत्साहन, गलत गर्नेलाई निश्चित दण्ड, सूचना प्रविधिमार्फत पारदर्शिता, नागरिकको सक्रिय सहभागिता र नैतिक नेतृत्व–यी पाँच आधारमा नयाँ प्रणाली निर्माण गर्न सकिन्छ ।

लोकतन्त्रको सफलता मात्रै चुनाव जित्ने वा सरकार बदल्ने प्रक्रियामा होइन; नागरिकले राज्यलाई आफ्नो साथी र संरक्षक ठान्न सक्ने वातावरण निर्माणमा छ । जब सार्वजनिक निकायहरू पारदर्शी, जिम्मेवार र जनउत्तरदायी बन्छन्, तब मात्र लोकतन्त्रको वास्तविक अर्थ नागरिकको जीवनमा महसुस हुन्छ ।

त्यसैले आजको सबैभन्दा ठूलो आवश्यकता राज्य संरचना बदल्नु मात्र होइन, राज्य संस्कार बदल्नु हो । जबसम्म सार्वजनिक पदाधिकारीहरूले आफूलाई जनताको नासो सम्हाल्ने जिम्मेवार संरक्षकका रूपमा बुझ्दैनन्, तबसम्म सुशासनको सपना अधुरै रहनेछ । तर यदि हामीले जवाफदेहितालाई प्रशासनको केन्द्रमा राख्न सक्यौँ भने, नेपालमा लोकतन्त्र मात्रै राजनीतिक व्यवस्था होइन–जीवनशैली बन्न सक्छ ।

# अपी हिमाल : जीवनकै अविस्मरणीय यात्रा



प्रकाश भट्ट

नेपालका हिमालहरू केवल भूगोलका उचाइ होइनन्, ती मानिसका सपना, साहस र अनुभूतिका शिखर पनि हुन् । पूर्वदेखि पश्चिमसम्म फैलिएका हिमशृंखलामध्ये सुदूरपश्चिममा अवस्थित अपी हिमाल आफ्नै सौन्दर्य, रहस्य र आकर्षण बोकेको हिमाल हो । वर्षौंदेखि तस्वीर र कथाहरूमा देख्दै आएको अपी हिमाललाई आफ्नै आँखाले हेर्ने अवसर मिल्दा मनभित्र छुट्टै उत्साह थियो । तर त्यो उत्साह वास्तविक यात्रामा बदलिँदा भने यो यात्रा केवल गन्तव्यसम्म पुग्ने यात्रा रहेन, जीवनकै अविस्मरणीय अनुभूति बन्यो ।

धनगढीबाट सुरु भएको यात्रा क्रमशः पहाडतिर उक्लिँदै गयो । तराईको गर्मी छोडेर पहाडको चिसो हावा महसुस गर्दै अगाडि बढ्दा प्रकृतिको स्वरूप पनि फेरिँदै गइरहेको थियो । बाटोभरि हरिया जंगल, खोलानाला, झरना र पहाडी बस्तीहरूले यात्रालाई झन् रमाइलो बनाइरहेका थिए । सडक यात्रा जति अगाडि बढ्थ्यो, मनमा अपी हिमाललाई नजिकबाट हेर्ने उत्सुकता त्यति नै बढ्दै जान्थ्यो ।

यस यात्राको सुरुवाती दुई दिन अझ विशेष बने । 'सुन्दर सुदूरपश्चिम अभियान'का परिकल्पनाकार तथा धनगढी उपमहानगरपालिकाका मेयर गोपाल हमाल दाइसँग सँगै यात्रा गर्ने अवसर मिल्यो । उहाँसँगको यात्राले केवल बाटो छोट्याएन, सुदूरपश्चिमको पर्यटन, संस्कृति र सम्भावनालाई अझ नजिकबाट बुझ्ने अवसर पनि दियो । यात्राका क्रममा उहाँले सुदूरपश्चिमलाई पर्यटनको प्रमुख गन्तव्य बनाउन आवश्यक पूर्वाधार, प्रचार र स्थानीय सहभागिताबारे आफ्ना धारणा सुनाइरहनुभएको थियो ।

हामीले सँगै बिताएका ती दुई दिन यात्राका सुन्दर क्षण बने । बाटोमा स्थानीयसँग गरिएका कुराकानी, चियापसलमा बसेर खाइएका सामान्य खाना र यात्राका क्रममा देखिएका दृश्यहरूले यात्रालाई झन् आत्मीय बनाइरहेका थिए । दोस्रो दिन अपी गाउँपालिकाको नौपाटामा आयोजित कार्यक्रममा सहभागी भएपछि उहाँ स्वास्थ्य अवस्था र व्यस्तताका कारण धनगढी फर्किनुभयो । तर हाम्रो यात्रा भने त्यहाँबाट अझ रोमाञ्चक बन्दै अपी आधारशिविरतर्फ अघि बढ्यो ।

पदयात्राको वास्तविक स्वाद त्यहीँबाट सुरु भयो । उकालो र ओरालो पार गर्दै हामी हिमालतर्फ उक्लिन थाल्यौँ । बाटोभरि प्रकृतिको अनुपम सौन्दर्य फैलिएको थियो । कतै बाक्ला जंगल, कतै खुला घाँसे मैदान, कतै चट्टानबाट खसिरहेका झरनाहरू । चराचुरुङ्गीको आवाज र खोला बगेको संगीतले यात्रालाई जीवन्त बनाइरहेको थियो ।

अपी यात्राको अर्को सुन्दर पक्ष भनेको स्थानीयको आत्मीयता हो । पदयात्रुहरूका लागि बाटोभरि बास बस्ने र खानपिनको राम्रो व्यवस्था गरिएको रहेछ । यात्राका क्रममा तातो पानी होस् वा चिसो पानी, त्यसका लागि अतिरिक्त शुल्क तिर्नुपर्दैन । बास बस्ने ठाउँमा



पुग्नेबित्तिकै कालो चियाले स्वागत गरिन्थ्यो । थकित यात्रुका लागि त्यो चिया केवल पेय पदार्थ थिएन, स्थानीय माया र आतिथ्यको प्रतीक थियो ।

जति माथि उक्लिँदै गयौँ, मौसम त्यति नै चिसिँदै गयो । बिहानको हावा अझ कडा लाग्थ्यो । हिमाल नजिकिँदै गएको अनुभूति हरेक पाइला सँगै बढिरहेको थियो । अनि त्यो क्षण आयो, जुन क्षण आज पनि सम्झँदा रोमाञ्चित बनाउँछ ।

पहिलो पटक आँखैअगाडि अपी हिमाल देख्दा म केहीबेर स्तब्ध भएँ । सेताम्मे हिमाल अली अली बादल र निलो आकाशमुनि गर्वका साथ उभिएको थियो । साथीहरू उत्साहित हुँदै तस्वीर खिच्न थाले, तर म भने हिमालतिर हेरेको हेर्‍यै भएँ । शब्दले बयान गर्न नसकिने त्यो अनुभूति मनभित्र गहिरोसँग बस्यो । सुदूरपश्चिमको शान अपी हिमाल साँच्चै कुनै चित्रकारले बनाएको विशाल चित्रजस्तै देखिन्थ्यो ।

त्यो क्षणमा मैले केवल हिमाल देखिरहेको थिइनँ, मैले प्रकृतिको विराटता महसुस गरिरहेको थिएँ । शहरको भिड, दैनिक तनाव र जीवनका अनेक व्यस्तताबाट धेरै टाढा, हिमालको काखमा उभिँदा मन एक प्रकारको शान्तिले भरिएको थियो । चिसो हावा अनुहारमा ठोक्किँदै थियो, तर मनभित्र अनौठो न्यानोपन थियो ।

अपी आधारशिविर पुगेर वरिपरिका दृश्य नियाल्दा लाग्थ्यो, प्रकृतिले सुदूरपश्चिमलाई खुलेर माया गरेको रहेछ । हिमाल, जंगल, खोलानाला र स्थानीय संस्कृतिको संयोजनले यो क्षेत्रलाई अनुपम बनाएको छ । तर यति सुन्दर गन्तव्य अझै पर्याप्त प्रचारको अभावमा धेरै यात्रुका लागि अपरिचितजस्तै छ ।

यो यात्राले मलाई एउटा महत्त्वपूर्ण अनुभूति पनि दियो- नेपालका दुर्गम भूभागहरू केवल कठिनाइका कथा होइनन्, त्यहाँ अथाह सम्भावना र सौन्दर्य लुकेको छ । स्थानीयको सरल जीवन, उनीहरूको आत्मीय व्यवहार र प्रकृतिसँगको सहअस्तित्वले धेरै कुरा सिकाउँछ ।

अपी हिमालको यात्रा मेरो लागि केवल पदयात्रा थिएन । यो प्रकृतिसँगको संवाद थियो, आत्मासँगको भेट थियो । यात्राले थकान दियो, तर त्योभन्दा धेरै ऊर्जा र सम्झना दियो । आज पनि आँखामा अपी हिमालको त्यो पहिलो दृश्य ताजै छ- सेताम्मे, शान्त र भव्य ।

शायद त्यसैले, जीवनमा धेरै यात्रा गरिएला, धेरै गन्तव्य पुगिएला, तर अपी हिमालको त्यो यात्रा भने सधैँ मनको सबैभन्दा सुन्दर कुनामा जीवित रहनेछ । यो आलेश शिलापत्रडटकमबाट साभार गरिएको छ ।

# ‘श्रमदान र संगठन विस्तारमा केन्द्रित हुनुस्’



टुडे समाचारदाता

काठमाण्डु । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले प्रदेश तथा जिल्ला तहका पदाधिकारी र सदस्यहरूलाई श्रमदान, संगठन विस्तार र जिम्मेवारीप्रति गम्भीर बन्न आग्रह गरेका छन् ।

काठमाण्डुमा आयोजित एक कार्यक्रममा बोल्दै उनले ठूलो जिम्मेवारीमा पुगेपछि काम देखिन कम हुने भए पनि दायित्व होइन, सदस्यहरूले पनि गोल गर्न सक्ने भन्दै हरेक सदस्य सक्रिय भएर काममा लाग्नुपर्ने बताए ।

उनले थपे, ‘श्रम-संस्कृति पार्टीलाई काम गर्ने पार्टी हो। प्रत्येक सदस्यले श्रमदान गर्नुपर्छ। एक्लै भए पनि बिरुवा रोप्ने, सरसफाइ गर्ने वा सामाजिक काम सुरु गर्नुपर्छ। हिजो म एक्लै अभियानमा थिएँ, आज हजारौँ मानिस जोडिएका छन्। यो सफलता होइन, निरन्तरताको परिणाम हो ।’

> “प्रदेश तहका पदाधिकारीहरूले आफ्नो जिल्लामा मात्रै सीमित नभई सबै जिल्लालाई समान रूपमा हेर्नुपर्छ। जति ठूलो क्षेत्रमा जिम्मेवारी हुन्छ, त्यति काम देखिँदैन। तर दायित्व धेरै हुन्छ। प्रदेशमा पुगेपछि एउटा जिल्लामा मात्र सीमित हुन पाइँदैन ।”

भने झन् बढ्ने बताए ।

उनले भने, ‘प्रदेश तहका पदाधिकारीहरूले आफ्नो जिल्लामा मात्रै सीमित नभई सबै जिल्लालाई समान रूपमा हेर्नुपर्छ। जति ठूलो क्षेत्रमा जिम्मेवारी हुन्छ, त्यति काम देखिँदैन। तर दायित्व धेरै हुन्छ। प्रदेशमा पुगेपछि एउटा जिल्लामा मात्र सीमित हुन पाइँदैन ।’

पार्टीभित्र नेता र कार्यकर्ताको विभाजन नभई सबै सदस्य सङ्गठनको समान हिस्सेदार भएको बताए। उनले फुटबल टोलीको उदाहरण दिँदै अध्यक्षले मात्र

पार्टी निर्माणको चरणमा रहेको भन्दै सक्रिय सदस्यहरूले मात्रै महाधिवेशनमा उम्मेदवारी दिन र मतदान गर्न पाउने व्यवस्था गरिने उनले बताए ।

महिलाको न्यूनतम ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको बताए । उनले प्रदेश पदाधिकारीहरूलाई एकअर्कासँग नियमित सम्पर्कमा रहन, नियमित बैठक सञ्चालन गर्न र संगठनलाई लोकतान्त्रिक ढंगले अघि बढाउन निर्देशन दिए ।

# कर्णाली प्रदेश: आगामी बजेटको प्राथमिकता र सिद्धान्त सार्वजनिक

काँक्रेविहार । कर्णाली प्रदेश सरकारले आगामी वर्षका लागि विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) सार्वजनिक गरेको छ। प्रदेशसभा बैठकमा प्रस्तुत गरिएको उक्त विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा विद्युतीकरण, व्यवस्थित योजना निर्माण तथा रैथाने बाली संरक्षणका विषयलाई जोड दिइएको हो ।

प्रदेश सरकारले कर्णालीमा गरिबी, भोकमरीलाई अन्त्य गर्दै ‘समृद्ध कर्णाली सुखारी कर्णालीवासी’को दीर्घकालीन लक्ष्यलाई आगामी आवको बजेट विनियोजनमा समावेश गर्ने उल्लेख गरेको छ। विसं २१०० सम्मको दीर्घकालीन लक्ष्य ‘समृद्ध कर्णाली सुखारी कर्णालीवासी’ भन्ने नारालाई मुख्य लक्ष्य बनाएर बजेट तय गरेको उल्लेख गरिएको छ।

प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री राजीव विक्रम शाहले भन्नुभयो, “जथाभावी योजना छनोट गर्ने परिपाटीलाई निरुत्साहित गर्न ‘कर्णाली प्रदेश आयोजना बैंक’ मा प्रविष्ट भएका र उच्च प्रतिफल दिने आयोजनालाई मात्र बजेटमा प्राथमिकता दिने नयाँ नीति लिइएको छ।”

कर्णालीका रैथाने बालीको उत्पादन बढाउन आधुनिक प्रविधि, ‘ग्रेडिङ’, ‘ प्याकेजिङ’ र ‘ब्रान्डिङ’ गरी बजार विस्तार गर्ने कुरालाई प्राथमिकता दिइएको शाहले बताउनुभयो । जडीबुटी तथा कृषिजन्य उद्योगलाई निजी क्षेत्रसँगको साझेदारीमा अघि बढाउने लक्ष्य रहेको उहाँको भनाइ छ।

जडीबुटी तथा कृषिजन्य उद्योगको स्थापना र उत्पादित कृषिउपजको मूल्य, बजारीकरण र उपयोगिता विस्तारका लागि शीत भण्डारसहित आवश्यक पूर्वाधार निर्माणलाई प्रोत्साहन गरिने छ । दशौँ राष्ट्रिय खेलकुद र स्पोर्ट्स हब, विदेशबाट फर्किएका जनशक्तिको सीप उपयोग गर्नेलगायत यसअघिका प्राथमिकतालाई दस्तावेजमा स्थान दिइएको योजनामन्त्री शाहले जानकारी दिनुभयो ।

प्रदेशको सन्तुलित तथा समावेशी विकासका लागि तीनै तहका सरकार, निजी क्षेत्र र विकास साझेदारको समन्वय, सहभागिताका साथै सहकार्यमूलक विकास ढाँचा अवलम्बन गरिने उहाँले बताउनुभयो। प्रदेशमा क्रियाशील विकास साझेदार तथा गैरसरकारी सङ्घसंस्थालाई प्रदेशको योजना तथा नीतिसँग अनुकूल हुने कार्यक्रम सञ्चालन गर्न सहकार्य र प्रोत्साहन गरिने छ।




विकासको लाभमा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्ने सोचका साथ आर्थिक सामाजिक रूपले पछि परेको वर्ग, क्षेत्र, लिङ्ग, समुदायको उत्थान र सशक्तीकरण कार्यक्रम सञ्चालन गर्दै विकासलाई सन्तुलित र समावेशी बनाइने योजनामन्त्री शाहले उल्लेख गर्नुभयो ।

कर्णाली प्रदेश आयोजना बैंकमा प्रविष्ट भएका, कार्यान्वयनयोग्य र उच्च प्रतिफल दिने आयोजना छनोट गरी अनुशासन कायम गरिने मन्त्री शाहले बताउनुभयो । स्रोतको प्रतिफलमुखी प्रयोग गर्दै जनताको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्ने परियोजनाहरू कार्यान्वयन गर्ने नीतिलाई प्राथमिकतामा राखी बजेट तर्जुमा गरिने उहाँको भनाइ छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सुझाव तथा वित्तीय सङ्घीयताको मर्मअनुरूप प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिने चारै वटा अनुदानको अंशलाई उपयुक्त आकारमा राख्ने कार्यलाई निरन्तरता दिइने विषयलाई जोड दिइएको छ।

समपूरक, विशेष र सशर्त अनुदानबाट सञ्चालन हुने आयोजनालाई सम्बन्धित स्थानीय तहको माग, आवश्यकता र क्षमता अनुरूप छनोट हुने गरी वित्तीय हस्तान्तरण गर्ने र स्रोतको उपलब्धिको परीक्षणसमेत गर्ने व्यवस्थालाई प्रभावकारी बनाइने बैठकमा जनाइएको छ।

सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवं नतिजामुखी बनाउन नागरिक बडापत्र, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा मूल्याङ्कन र नागरिकको संलग्नता सहितको संयन्त्र निर्माण गरी प्रदेश सरकारका कामकारबाहीलाई नागरिकमैत्री, जवाफदेही र परिणाममुखी बनाइने योजनामन्त्री शाहले बताउनुभयो।

प्रदेशको आयस्रोत वृद्धि गर्न राजस्वका दर पुनरावलोकन गरी दायरा विस्तार गर्दै समय अनुकूल बनाइने विषयलाई प्राथमिकतामा राखिएको छ । प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त हुने रोयल्टीको हिस्सा बढाउन विद्यमान कानुनमा सुधारको लागि पहल गरिने छ। स्थानीय तहको कर परिचालन क्षमता विकासमा सहयोग गरी राजस्व सङ्कलनमा अभिवृद्धि गरिने विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा उल्लेख छ।

सीमित स्रोतसाधनको उच्चतम उपयोग गर्दै सार्वजनिक खर्चलाई विकास र समृद्धिको प्रत्यक्ष आधार बनाउनको लागि चालु तथा प्रशासनिक खर्चमा मितव्ययिता बनाउने भनिएको छ । अर्थतन्त्रलाई चलायमान र विस्तार गर्दै आय, उत्पादन र रोजगारी बढाउने रणनीतिक महत्वका र बहुवर्षीय आयोजनामा पुँजीगत खर्च केन्द्रित गरिने भएको छ।

जल उत्पन्न जोखिम संवेदनशील क्षेत्रको पहिचान, नक्साङ्कन गरी बाँध तथा जैविक प्रविधिबाट संरक्षण तथा व्यवस्थापन गरिने बताएको छ। सबै गाउँ, सहर र बस्तीमा आधारभूत तथा स्वच्छ खानेपानीका लागि सबै नागरिकको सहज पहुँच सुनिश्चित गरिने योजनामन्त्री शाहले बताउनुभयो।

खानेपानीको मुहान, ढुङ्गे धारा, ताल तथा पोखरी, नदीनाला एवं जलाधार क्षेत्र तथा स्रोतको पहिचान, संरक्षण तथा बहुउपयोगमा जोड दिइएको छ। स्थानीय तह, निजी क्षेत्र र स्थानीय लाभग्राही समुदायको सहभागिता र साझेदारीमा पोहोर मैलाको दिगो व्यवस्थापन गरी सरसफाइ तथा वातावरणीय स्वच्छता कायम गरिने उल्लेख छ।

मौलिक कला, संस्कृति, भाषा, साहित्य र पुरातात्विक तथा ऐतिहासिक सम्पदाको दिगो संरक्षण, प्रवर्द्धन, सम्वर्द्धन र पुस्तान्तरण गर्दै लगिने उहाँले बताउनुभयो। लोपोन्मुख जातिको मौलिक सीप, भाषा र कलाको संरक्षण गरिने सरकारको प्राथमिकता रहेका उहाँले उल्लेख गर्नुभयो । लोप हुने अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्त्वका सम्पदाको खोज, अनुसन्धान, पहिचान गरी मर्मत र संरक्षण गर्ने कार्यलाई प्रोत्साहित गरिने विषयलाई जोड दिइएको छ।

सरकारले केन्द्रीय प्रसारण लाइन नपुगेका दुर्गम तथा ग्रामीण बस्तीमा विद्युत् सेवा विस्तार गर्न ‘कर्णाली उज्यालो कार्यक्रम’ सञ्चालन गर्ने जनाएको छ । उक्त कार्यक्रममार्फत लघु जलविद्युत् तथा वैकल्पिक ऊर्जाको प्रयोग विस्तार गरिने नीति लिइएको छ।

त्यसैगरी उच्च प्रतिफलयुक्त जलविद्युत् आयोजनामा प्रदेश सरकारको लगानीलाई निरन्तरता दिने भएको छ । जलस्रोत, सौर्य र वायु ऊर्जाको विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न विशेष प्राथमिकता दिइने मन्त्री शाहले बताउनुभयो । प्रदेश सरकारले ऊर्जा विकासलाई आर्थिक समृद्धि र ग्रामीण विकाससँग जोड्दै आगामी बजेट केन्द्रित गरिने उहाँले जानकारी दिनुभयो। कर्णालीका दुर्गम क्षेत्रमा अझै पनि विद्युत् पहुँच सीमित रहेकाले ऊर्जा क्षेत्रलाई प्राथमिकतामा राखिएको उहाँको भनाइ छ। रासस

# सुप प्रदेश सरकार परिवर्तनको चर्चा

टुडे समाचारदाता

काठमाण्डु । सुदुरपश्चिम प्रदेश सरकार परिवर्तनको चर्चाले तरंग उत्पन्न गरेको छ । नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरूबीच प्रदेशहरूमा सरकारको नेतृत्व परिवर्तनको गृहकार्य चलिरहेको छ।

कांग्रेस र एमालेले समीमरणलाई यथावत् राख्दै प्रदेश सरकार परिवर्तन वा पुनर्गठनको विषयमा छलफल थालेका छन् । यसै विषयमा भएको छलफलपछि सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाह काठमाण्डु पुगेका छन् ।

शाहले भक्तपुरस्थित गुण्डु पुगेर एमाले अध्यक्ष केपी शर्मा ओली र पार्टी सभापति गगनकुमार थापासँग छलफल गरेका गरेका छन् । स्रोतले जनाए अनुसार शाहले प्रदेश सरकारबारे शीघ्र निर्णय दिन दुवै नेतासँग आग्रह गरेका छन् ।



‘मुख्यमन्त्रीज्यूले एमाले अध्यक्ष केपी ओली र पार्टी सभापति गगनकुमार थापासँग छुट्टाछुट्टै कुराकानी गर्नुभएको छ। प्रदेश सरकारको विषयमा छिटो निर्णय गरिदिनुहोस् भन्ने उहाँको माग हो,’ शाह निकट स्रोतले भन्यो, ‘दुवै नेताबाट परामर्श गरिरहेका छौं । चाडै टुंगो लाग्छ भन्ने कुरा आएको छ।’

एमाले अध्यक्ष ओलीले शाहलाई नेकपा समेतलाई मिलाएर प्रदेश सरकारमा सामेल गराउनेबारे छलफल भइरहेको भने पनि सभापति थापाले पनि सबै दलबीच कुरा भइरहको बताएका थिए । ‘उहाँ( ओली)ले तीन वटै दल मिलेर अघि बढ्ने कुरा भइराखेको छ भन्नुभएको छ । सभापतिज्यूको पनि सबै दलबीच छलफल भइरहेको छ भन्ने थियो,’ उनले भने ।

एमालेसँग नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवाले सुदूरपश्चिममा कांग्रेस र कोशीमा एमालेले पूरा अवधी सरकारको नेतृत्व गर्ने समझदारी गरेका थिए । विशेष महाधिवेशनबाट सभापति बनेका थापाले एमालेसँगको सत्ता सहकार्य तत्काल नतोड्ने तर, सरकारको नेतृत्व परिवर्तन वा मन्त्री हेरफेर गर्ने रणनीति लिएका छन् ।

उपसभापति विश्वप्रकाश शर्मालाई एमालेसहितका दलसँग प्रदेश सरकारका विषयमा छलफल गर्ने अधिकार थापाले दिएका छन् । कर्णाली र सुदूरपश्चिमको प्रदेशस्तरीय भेला सकेर काठमाडौँ फर्किएपछि शर्माले गुण्डु पुगेर एक चरणमा ओलीसँग छलफल गरिसकेका छन् ।

शर्माले ओलीसँग कोशी प्रदेश कांग्रेसलाई दिनुपर्ने र सुदूरपश्चिम एमालेलाई छाड्ने प्रस्ताव गरेको नेताहरू बताउँछन् । यसबारे ओलीले स्पष्ट जवाफ भने दिइनसकेको नेताहरूको दाबी छ । एमालेकै कतिपय नेताहरू भने ओली अहिले मुख्यमन्त्री हिम्मत कार्कीप्रती सन्तुष्ट नरहेकोले त्यहाँ कांग्रेसलाई छाड्नसक्ने तर्क गर्छन् ।

तर, नेपाली कम्युनिष्ट पार्टीसँग समेत संवादमा रहेका ओलीले तीनवटै पार्टी मिलेर अघि बढ्नुपर्ने अवस्था भने फरक बन्नसक्ने नेताहरूको आकलन छ ।

शेरबहादुर देउवाको गृह प्रदेश र विशेष महाधिवेशन भएपछि पनि देउवालाई नै सभापति मान्ने निर्णय कांग्रेस प्रदेश संसदीय दलले गरेको थियो । सोही कारण पनि थापा र विश्वहरूको प्राथमिकतामा सुदूरपश्चिम छैन् ।

मुख्यमन्त्री शाहले सरकारको विषयमा चाडो निर्णय गर्न दुई नेतासँग माग गरेको भनिएपनि बजेटअघि सत्ता परिवर्तन नगर्न आग्रह गरेको बताइन्छ। एमाले र कांग्रेसबाट सरकारको प्रतिनिधित्व गर्ने मन्त्रीहरूले पनि त्यसमा लबिङ गरिरहेका छन् ।

एमालेमा महासचिव शंकर पोखरेलसहितका नेताहरू पनि अहिले सरकार परिवर्तनको पक्षमा नभएका कारण ओली एक्लैले निर्णय लिन नसक्ने अवस्था भएको नेताहरू बताउँछन् । यद्यपी आपसी परामर्शपछि दुई/तीन दिनभित्र प्रदेश सरकारबारे निर्णय हुने संकेत नेताहरूले गरेका छन् ।

नेपाली कांग्रेसले २६ बैशाखमा धनगढीमा आयोजना गरेको प्रदेशस्तरीय भेलालाई सम्बोधन गर्ने क्रममा मुख्यमन्त्री कमलबहादुर थापाले आफूलाई पदमुक्त गर्न लागेको भन्दै आक्रोश व्यक्त गरेका थिए ।

सभापति थापालाई समेत बदनाम गर्नेगरि पदमुक्त प्रदेशका सांसद र नेताहरू

> मुख्यमन्त्री शाहले सरकारको विषयमा चाडो निर्णय गर्न दुई नेतासँग माग गरेको भनिएपनि बजेटअघि सत्ता परिवर्तन नगर्न आग्रह गरेको बताइन्छ । एमाले र कांग्रेसबाट सरकारको प्रतिनिधित्व गर्नेमन्त्रीहरूले पनि त्यसमा लबिङ गरिरहेका छन् ।

लागेको भन्दै आक्रोश पोखेका शाहले सबै कोणबाट लडाईं लड्न सक्षम भएको दाबी गरेका थिए । सोही साँझ सभापति थापाले प्रदेशका सबै सांसदसँग गरेको छलफलमा उनीहरूसँग सरकार र मुख्यमन्त्रीकै विषयमा छलफल चलेको थियो ।

दल नेता परिवर्तन गरेर मुख्यमन्त्रीबाट पदमुक्त गर्नुपर्ने भन्दै लबिङ गरिरहेका सांसदले खुलेर कुरा राखेका थिए । तत्काल एकताबद्ध भएर अघि बढ्न निर्देशन दिएका थापाले काठमाडौं पुगेपछि सरकारको बारेमा निर्णय लिने बताएका थिए । मुख्यमन्त्री परिवर्तन गर्ने कुराले समीकरणमै समस्या निम्तिन सक्ने छलफल पनि भएको थियो ।

थापाको उक्त अभिव्यक्तिपछि तत्काल आन्तरिक असन्तुष्टि व्यवस्थापन भएका देखिएको थियो । तर, कांग्रेस, एमालेबीच सुदूरपश्चिम र कोशीको हकमा विगतको समझदारी उल्टिने सम्भावनाले भने फेरि शाहको पद धरापमै परेको छ ।

कांग्रेसमा शाहलाई पदमुक्त गर्नुपर्ने पक्षमा ८ जना प्रदेश सांसद पुगिसकेको दाबी गरिन्छ तर पार्टी नेतृत्वको संकेत नपाएपछि उनीहरू रोकिएका थिए । दिवान सिंह बिष्ट र पदम शाहीहरूले यो अभियान चलाइरहेका थिए। स्रोतकाअनुसार आठ जनाले उनीहरूले हस्ताक्षर नै गरिसकेका छन् ।

‘मुख्यमन्त्री परिवर्तन गर्न हामी लागेकै हो । तर अहिले नेतृत्वको सिग्नल नपाएपछि रोकियो,’ ती सांसदले भने, ‘सरकारको सम्बन्धमा अब माथिको निर्देशनको पर्खाइमा छौँ । एमाले र कांग्रेसका शीर्ष नेताको समझदारीअनुसार नै अघि बढ्ने हो ।’

एमालेमा पनि सरकार परिवर्तनको चर्चाले उकुसमुकुस बढाएको छ । सरकारको प्रतिनिधित्व गर्ने मन्त्रीहरू जसरी पनि सत्ता जोगियोस् भन्ने पक्षमा छन् । बाहिर रहेकाहरू सरकार परिवर्तन भए मन्त्री पाइने आशमा बसेका छन् ।

संसदीय दलका नेता राजेन्द्र सिंह रावल हटाउन लागिपरेका सांसदले नै गुण्डुमा ओलीसँग मन्त्री बनाउनुपर्ने माग राखिसकेका छन् ।

‘तत्काल एमाले र कांग्रेसकैसमीकरणले निरन्तरता पाउँछ होला,’ एक नेताले भने, ‘छलफलले सार्थकता पाए सुदूरपश्चिम एमालेले पाउने सम्भावना देखिन्छ तर नेकपासहितको भए केही भन्न सकिंदैन् ।’

नेकपाका सांसदहरू पनि कांग्रेस, एमालेसहितको समीकरण हुने कुरा चलिरहेको बताउँछन् । तर अहिलेसम्म ठोस कुरा विकसित भइसकेको नसकेको बताइन्छ ।

# एमाले केन्द्रीय सचिवालय बैठक स्थग्न

टुडे समाचारदाता

काठमाण्डु । नेकपा एमालेको केन्द्रीय सचिवालय बैठक स्थगित भएको छ ।



काठमाण्डुमा शनिबार बस्ने तय भएको बैठक सोमबारका लागि सारिएको एमाले केन्द्रीय कार्यालय सचिव भीष्म अधिकारीले जानकारी दिए ।

बैठकमा अध्यक्ष ओली पनि सहभागी हुनेछन् ।

चुनावपछि अध्यक्ष ओली पहिलो पटक बैठकमा सहभागी हुन लागेका छन् ।

गत चैत १३ गते जेनजी आन्दोलनमा हेलचेक्र्याइँपूर्वक मानिस मारेको अभियोगमा ओली पक्राउ परेका थिए। गत चैत २६ गते रिहा भए पनि स्वास्थ्यका कारण ओली पार्टी काममा फर्कन सकेका छैनन् ।

ओली हिरासतमा हुँदा पहिलो वरीयताका उपाध्यक्ष रामबहादुर थापा बादललाई कार्यवाहक अध्यक्ष तोकिएको थियो। उनको अध्यक्षतामा दुई पटक एमाले सचिवालय बैठक बसेको छ ।

पछिल्लो समय एमालेमा शक्तिसंघर्ष चुलिएको छ ।

पार्टी उपाध्यक्षद्वय विष्णु पौडेल, पृथ्वीसुब्बा गुरूङ, महासचिव शंकर पोखरेलसहितका ओली पक्षधर भनेर चिनिएका नेता उनको विकल्प खोज्न थालेका छन् ।

पार्टी कमिटीमा अप्ठ्यारोमा परेपछि ओलीले बैठक टारिरहेको शंका असन्तुष्ट नेताहरूले गरेका थिए। एमालेमा निर्वाचनको समीक्षा पनि हुन सकेको छैन । एमालेको सचिवालय बैठक आह्वान भएसंगै एमालेमा देखिएको गतिरोधले निकास पाउने सम्भावना बढेको छ ।

# नेपाल–बङ्गलादेश सांस्कृतिक सम्बन्ध प्रवर्द्धन गर्न ‘नेपाल फेस्टिभल’

काठमाण्डु । बङ्गलादेशस्थित नेपाली राजदूतावासले बङ्गलादेश-नेपाल फ्रेन्डसिप सोसाइटीसँगको सहकार्यमा ढाकास्थित बङ्गलादेश शिल्पकला एकेडेमीमा ‘नेपाल फेस्टिभल-२०२६’ आयोजना गरेको छ।

नेपालको विविध सांस्कृतिक तथा पाक परम्पराको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित उक्त महोत्सवमा ‘फुड फेस्ट’ तथा सांस्कृतिक कार्यक्रम समावेश गरिएको थियो ।




त्यस अवसरमा बङ्गलादेशका लागि नेपालका राजदूत घनश्याम भण्डारीले महोत्सवको उद्देश्य नेपालको संस्कृति र खानाका परिकारको विविधता तथा समृद्धिको प्रवर्द्धन गर्नुका साथै नेपाल र बङ्गलादेशबीच विद्यमान साङ्गीतिक, कलात्मक तथा पाक संस्कृतिको समानतालाई उत्सवका रूपमा मनाउनु हो भन्नुभयो । उहाँले साझा सांस्कृतिक सम्पदाले दुई देशबीचको बहुआयामिक सम्बन्धलाई थप सुदृढ बनाएको र जनस्तरको सम्बन्ध तथा आपसी समझदारीलाई निरन्तर मजबुत बनाइरहेको उल्लेख गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि बङ्गलादेशका संस्कृति मामिलामन्त्री निताइ रोयचौधरीले महोत्सवको प्रशंसा गर्दै यसले नेपाल र बङ्गलादेशका जनतालाई अझ नजिक ल्याउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले सांस्कृतिक तथा जनस्तरको आदानप्रदानमार्फत मित्रवत् सम्बन्धलाई थप सुदृढ गर्दै सहकार्यका नयाँ क्षेत्र पहिचान गर्न सकिने बताउनुभयो ।

बङ्गलादेश शिल्पकला एकेडेमीका महानिर्देशक एसके रेजाउद्दिन अहमद, पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकाल तथा बङ्गलादेश-नेपाल फ्रेन्डसिप सोसाइटीका अध्यक्ष मोसिउर अहमदले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।रासस

## नाइजेरियामा आतंकवादीद्वारा दर्जनौँ बच्चाहरूको अपहरण

रासस/क्यूएनए। उत्तरपूर्वी नाइजेरियाको बोर्नो राज्यमा सशस्त्र आतंकवादीहरूले दर्जनौं स्कूले बच्चाहरूलाई अपहरण गरेको र हाल उनीहरूको अवस्था अज्ञात रहेको जनाइएको छ।

नाइजेरियाको मुसा गाउँको प्राथमिक विद्यालय बाट ३५ देखि ४३ जना विद्यार्थीहरू अपहरण गरिएको विद्यार्थीका अभिभावक तथा क्षेत्रका बासिन्दाहरूले अनुमान गरेका छन्। नाइजेरियाली सेनाले सहर छोडेको केही समय पछि यो घटना भएको उनीहरूले उल्लेख गरेका छन्।

सेनाले उक्त सहर छोडेको आधा घण्टा भन्दा कम समयमा मोटरसाइकलमा यस सहरमा आइपुगेका आतंककारीहरुले र प्राथमिक विद्यालय र शिशु स्यारका बच्चाहरूको अपहरण गरेको बासिन्दाहरूले बताएका छन्। अफ्रिकाको सबै भन्दा बढी जनसङ्ख्या भएको देश नाइजेरियाले विगत १७ वर्ष देखि सशस्त्र सङ्गठनहरूसँग लडिरहेको छ। यी समूहहरूले बारम्बार अपहरण आक्रमण लगायतका आतंकवादी क्रियाकलापको माध्यामबाट स्थानीय वासीहरुलाई दुखः दिने गरेको जनाइएको छ।

# तेलको मूल्य बढ्दा विश्वभरका शेयर बजारमा गिरावट

रासस/एएफपी । विश्वभरका शेयर बजारमा शुक्रबार ठूलो गिरावट आएको छ । तेलको मूल्य लगातार बढ्न थालेपछि लगानीकर्तामा आर्थिक चिन्ता बढ्दै जाँदा अमेरिकीसहित विश्वका प्रमुख शेयर बजारहरू दबाबमा परेका हुन्। विशेषगरी कृत्रिम बुद्धिमत्ता प्रविधिसँग सम्बन्धित कम्पनीहरूको शेयरमा तीव्र गिरावट आएपछि बजारमा व्यापक असर परेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्।

अमेरिकाको एस एन्ड पी पाँच सय सूचकाङ्क अघिल्लो दिन बनाएको ऐतिहासिक उच्च बिन्दुबाट करिब १ दशमलव २ प्रतिशतले घटेको छ । त्यस्तै डाउ जोन्स औद्योगिक सूचकाङ्क पाँच सय ३७ अंकले ओरालो लागेको छ भने नास्डाक सूचकाङ्क करिब १ दशमलव ५ प्रतिशतले घटेको बताइएको छ । पछिल्ला महिनाहरूमा कृत्रिम बुद्धिमत्ता प्रविधिप्रति बढेको उत्साहका कारण तीव्र उकालो लागेको प्रविधि कम्पनीहरूको शेयरमा अचानक गिरावट आएपछि बजार अस्थिर बनेको हो।




कृत्रिम बुद्धिमत्ता क्षेत्रको प्रमुख कम्पनीका रूपमा चिनिएको एनभिडियाको शेयर मात्रै ४ दशमलव ४ प्रतिशतले घटेको छ। यद्यपि यस वर्ष हालसम्म उक्त कम्पनीको शेयर मूल्य २६ प्रतिशतभन्दा बढीले बढिसकेको थियो। त्यस्तै माइक्रोन टेक्नोलोजीको शेयर ६ दशमलव ६ प्रतिशतले घटेको छ, यद्यपि यस वर्ष कम्पनीको शेयर मूल्य अझै पनि करिब १ सय ५४ प्रतिशतले माथि रहेको बताइएको छ।

विश्लेषकहरूले बजार अत्यधिक बढेको अवस्थामा पुगेकाले केही समयको गिरावट स्वाभाविक भएको बताएका छन् । बलियो अमेरिकी अर्थतन्त्र र कम्पनीहरूको राम्रो आम्दानीले बजारलाई उच्च विन्दुसम्म पुऱ्याए पनि आगामी दिन सहज नहुने चेतावनी दिइएको छ।

यसबीच मध्यपूर्वमा जारी युद्धका कारण तेलको मूल्य निरन्तर बढिरहेको छ। विशेषगरी इरानसँगको द्वन्द्व लम्बिँदै जाँदा विश्वकै महत्वपूर्ण तेल आपूर्ति मार्ग हर्मुज जलडमरूमध्य बन्द रहेकाले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल आपूर्ति प्रभावित भएको छ। तेल ट्याङ्करहरू आवतजावत गर्न नसक्दा विश्वभर तेलको मूल्य बढेको र त्यसले मुद्रास्फीतिको दबाब थप बढाएको विश्लेषण गरिएको छ। तेल मूल्य वृद्धिका कारण विश्व अर्थतन्त्रमा थप अनिश्चितता बढेको र त्यसको प्रत्यक्ष असर शेयर बजारमा देखिएको जनाइएको छ।

# नेपालको सानदार जित




**टुडे समाचारदाता**

काठमाण्डु । आइसिसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गतको खेलमा अमेरिकालाई नेपालले सान्दार रुपमा पराजित गरेको छ।

कुशल भुर्तेलको सानदार शतकमा आइसिसी विश्व कप लिग २ मा नेपालले अमेरिकालाई ९ विकेटको फराकिलो अन्तरमा पराजित गरेको छ।

नेपालको जितमा कुशलको शतक, उनको र आशिफको साझेदारी र दीपेन्द्र सिंह ऐरीको बलिङ प्रमुख रह्यो।जितका १ सय ९६ रनको सामान्य लक्ष्य नेपालले ३६.४ ओभरमा १ विकेटको नोक्सानीमा पूरा गरेको थियो।

ओपनरद्वय कुशल र आशिफले उत्कृष्ट सुरूवात दिलाए। अमेरिकन बलरहरूलाई निरिह बनाउँदे नेपालले पहिलो विकेटका लागि १ सय ४५ रनको साझेदारी गरे।

२६.३ ओभरमा अमेरिकाका मोहम्मद मोहसिनले यो ठुलो साझेदारी तोडे। आशिफ ७२ बल खेल्दै ५८ रन बनाएर आउट भए। यो क्रममा आशिफले एक दिवसीय क्रिकेटमा आशिफले १५ औं अर्धशतक पनि पुरा गरे।

आशिफ एक दिवसीय क्रिकेटमा नेपालको लागि सर्वाधिक अर्धशतक बनाउने खेलाडी हुन्। साथै १ सय ४५ रनको साझेदारी नेपालको लागि एक दिवसीय क्रिकेटकै चौथो ठूलो साझेदारी समेत बन्यो।

क्रिजमा जमेका कुशलले एक दिवसिय क्रिकेट करियरमा कै सर्वाधिक रन समेत बनाए। उनी अविजित १ सय २० रनमा रहँदै नेपाललाई सहज जित दिलाउन सफल रहे। यसअघि उनले नामिबिया विरुद्ध १ सय १५ रन बनाएका थिए।

शनबिार १ सय ४ बल खेल्दै १२ चौका र ३ छक्का सहित उनले शतक बनाए। यसअघि उनले ६७ बलमा ७ चौका सहित आशिफले ५० रन पुरा गरेका थिए। शतक प्रहार गर्ने क्रममा उनले ६७ रन बाउन्ड्रीबाट प्राप्त गरे।

उनको यो दोस्रो शतक हो। यसअघि सन् २०२३ को फेब्रुअरीमा लिग टु कै खेलमा टियु मैदानमा कुशलले पहिलो शतक बनाएका थिए। लगातार तीन खेलमा ड्रप भएपछि कमब्याकलाई कुशलले यादगार समेत बनाए।

त्यसअघि टियु क्रिकेट स्टेडियममा टस जितेर पहिले ब्याटिङ गरेको अमेरिकाले ४३.३ ओभरमा सबै विकेट गुमाउँदै १ सय ९५ रनमा समेटिएको थियो।

सातौं ओभरको पहिलो बलमा अमेरिकाले पहिलो विकेट गुमायो। सायान जहाँङ्गीर ६ रनमा सोमपालको बलमा बोल्ड आउट भए। पहिलो विकेट गुमाउँदा २२ रन बनाएको थियो।

यसपछि स्मित र सेहान जयसुर्याले दोस्रो विकेटको लागि शतकीय साझेदारी गरे । यो साझेदारीलाई दीपेन्द्रले तोडे। सेहान दीपेन्द्रको बलमा गुल्सन झाद्वारा क्याच आउट भए। उनले ५२ बलमा ५ चौका र १ छक्का सहित ५० रन बनाए।

लगतै कप्तान साइतेजा मुकामुल्ला ४ रनमा सन्दीपद्वारा बोल्ड आउट भए। तेस्रो विकेट गुमाउँदा अमेरिकाले १ सय ४० रन बनाएको थियो। यसपछि नेपालले सानदार कमब्याक गर्दै निरन्तर अन्तरालमा विकेट निकाल्न सफल रहेको थियो।

यसपछि पाँचौं ओभरमा ओपनर स्मित पटेलले जीवनदान पाए। १४ रनमा सोमपाल कामीको बलिङमा आशिफ शेखले क्याच ड्रप गरे। यसपछि क्रिजमा जमेका उनी सोमपालद्वारा आउट भए।

८९ बल खेल्दै स्मित ८ चौका र ३ छक्का सहित टिमको लागि सर्वाधिक ८३ रन बनाए। लगतै शुभम रान्जने २ रनमा रन आउट हुन पुगे। १ सय ७० रनको स्थितिमा अमेरिकाले ५ विकेटको नोक्सानीमा १ सय ७० रन जोडेको थियो।

छैटौं विकेटका रूपमा १ रन बानएका सञ्जय कृष्णमुर्ति गुल्सनको बलमा, मिलिन्द कुमार २८ रनमा दीपेन्द्रद्वारा एलबिडब्लु धरापमा परे। रनको खाता खोल्न नसकेका मोहम्मद मोसिन रन आउट भए। नोसथुस केन्जिगे १ रनमा र हर्मित दिंह १४ रनमा दीपेन्द्र कै शिकार बने।

दीपेन्द्रले ७ ओभत ३ बलमा २४ रन दिएर सर्वाधिक ४ विकेट लिए। सोमपालले २ विकेट लिंदा सन्दीप र गुल्सनले १/१ विकेट झारेको थियो।

२६ औं खेलमा अमेरिकाको आठौं हार हो। अमेरिका ३६ अंक सहित दोस्रो स्थानमा रहेको छ। नेपालको यो नवौं जित हो। नेपालले २० अंक बनाउन सकेको थियो।

# रूसी राष्ट्रपति पुटिनको चीन भ्रमणको कार्यक्रम सार्वजनिक

रासस/एएफपी । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको चीनको दुई दिने भ्रमणको कार्यक्रम मे १९-२० सम्मलाई तथ भएको क्रेमलिनले शनिबार जनाएको छ।



भ्रमणको क्रममा रूसी राष्ट्रपति पुटिनले आफ्ना चिनियाँ समकक्षी सी जिनपिङसँग भेटी मस्को र बेइजिङ बिचको साझेदारी र रणनीतिक सहयोगलाई कसरी अझै सुदृढ पार्ने भन्ने बारे छलफल गर्ने क्रेमलिनले विज्ञप्ति मार्फत जनाएको छ । पुटिन र सीले "प्रमुख अन्तर्राष्ट्रिय र क्षेत्रीय सवालहरुमा पनि विचार आदान-प्रदान गर्ने र वार्ता पछि संयुक्त घोषणापत्रमा हस्ताक्षर गर्ने कार्यक्रम तय भएको जनाइएको छ।

भ्रमणको क्रममा पुटिनले चिनियाँ प्रधानमन्त्री ली किआङसँग पनि आर्थिक तथा व्यापारिक सहयोग बारे छलफल गर्ने कार्यक्रम तथा भएको जनाइएको छ।

अमेरिकी राष्ट्रपति ट्रम्पको पहिलो चीन भ्रमण शुक्रबार सम्पन्न भए पछि पुटिनको भ्रमणको घोषणा भएको जनाइएको छ । भ्रमणले युक्रेन-रूस द्वन्द्व लगायत व्यापार र भू-राजनीतिक तनाव कम गर्न भुमिका खेल्ने अपेक्षा गरिएको छ।

चीनले युद्व अन्त्य गर्न नियमित रूपमा वार्ताको आह्वान गर्दै आफूलाई तटस्थ पक्षको रूपमा प्रस्तुत गरेको जनाएको छ।

बेइजिङले मस्कोलाई रक्षा उद्योगका लागि हतियार र सैन्य सामाग्रीहरु प्रदान गरेको कुरा अस्वीकार गर्दै पश्चिमी देशहरूलाई युक्रेनलाई हतियार दिएर द्वन्द्व लामो बनाएको आरोप लगाएको छ।

द्वन्द्वको विषयलाई लिएर रूस माथि लगाएको आर्थिक प्रतिबन्धको बीचमा रूसी जीवाश्म इन्धनको विश्वको शीर्ष खरिदकर्ताको रूपमा, चीन मस्कोको प्रमुख आर्थिक साझेदार बनेको जनाएको छ।

# जर्मनीको औद्योगिक उत्पादन लगातार घट्दै, अर्थतन्त्र सुस्त



रासस/एएफपी। मध्यपूर्वमा बढ्दो तनावका कारण ऊर्जा लागत वृद्धि, आपूर्ति शृङ्खला अवरोध तथा उपभोक्ता र व्यवसायिक विश्वासमा गिरावट आउँदा जर्मनीको आर्थिक वृद्धि दोस्रो त्रैमासमा तीव्र रूपमा सुस्त हुने जर्मन सरकारले चेतावनी दिएको छ।

जर्मनीको सङ्घीय आर्थिक मामिला तथा ऊर्जा मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको मासिक प्रतिवेदनमा बढ्दो मूल्यवृद्धि, आपूर्ति प्रणालीमा समस्या तथा बढ्दो अनिश्चितताले व्यवसायी र उपभोक्ताको आत्मविश्वास कमजोर बनाउँदै लगेको उल्लेख गरिएको छ।

मन्त्रालयका अनुसार जर्मनीको आगामी आर्थिक अवस्था धेरै हदसम्म मध्यपूर्वको भूराजनीतिक परिस्थितिमा निर्भर रहनेछ। तनाव केही कम भए पनि ऊर्जा तथा कच्चा पदार्थको मूल्य र आपूर्ति शृंखलामा परेको असर लामो समयसम्म कायम रहने सम्भावना रहेको प्रतिवेदनमा उल्लेख छ।

गत फेब्रुअरी अन्त्यदेखि मध्यपूर्वमा तनाव बढ्न थालेपछि ऊर्जा लागत वृद्धि तथा आपूर्ति अवरोधको असर जर्मन उपभोक्तामाथि प्रत्यक्ष रूपमा पर्न थालेको छ । अप्रिल महिनामा मुद्रास्फीति बढेर २.९ प्रतिशत पुगेको छ, जुन जनवरी २०२४ पछिकै उच्च स्तर हो । यस अवधिमा ऊर्जा मूल्य वार्षिक आधारमा १०.१ प्रतिशतले बढेको छ भने खाद्य वस्तुको मूल्यवृद्धि पनि उल्लेखनीय रूपमा बढेको जनाइएको छ।

मन्त्रालयले पछिल्ला केही सातामा समग्र आर्थिक मनोबल कमजोर बन्दै गएको उल्लेख गर्दै दोस्रो त्रैमासमा उपभोक्ता गतिविधिमा उल्लेखनीय गिरावट आउने सङ्केत देखिएको जनाएको छ।

यो अवस्था पहिलो त्रैमासको तुलनामा विपरीत रहेको बताइएको छ । प्रारम्भिक सरकारी तथ्याङ्कअनुसार निजी तथा सार्वजनिक खर्चको वृद्धिले पहिलो त्रैमासमा जर्मन अर्थतन्त्र ०.३ प्रतिशतले विस्तार भएको थियो।

जर्मन सरकारले औद्योगिक क्षेत्रको लगातार कमजोरी पनि आर्थिक पुनरुत्थानमा बाधक बनेको जनाएको छ। मार्च महिनामा कारखाना अर्डरमा केही वृद्धि देखिए पनि मन्त्रालयले त्यसलाई मध्यपूर्व तनावका कारण अगावै गरिएको खरिदसँग जोडिएको अस्थायी प्रभाव भएको उल्लेख गरेको छ।

प्रतिवेदनअनुसार जर्मनीको औद्योगिक उत्पादन लगातार चार त्रैमासदेखि घटिरहेको छ र पछिल्ला आर्थिक सूचकहरूले दोस्रो त्रैमासमा सुधारको कुनै स्पष्ट संकेत नदेखाएको मन्त्रालयले जनाएको छ।

# काभा महिला भलिबल च्याम्पियनसिप-नेपाली टोलीको घोषणा

**टुडे समाचारदाता**

काठमाण्डु । अर्को साता सुरु हुने काभा महिला भलिबल च्याम्पियनसिपका लागि निरुता ठगुन्नाको कप्तानीमा १४ सदस्यीय टोली घोषणा गरिएको छ।



नेपाल भलिबल संघले आज टोलीको नाम सार्वजनिक गरेको छ । टोलीको लिबेरोमा सलिना श्रेष्ठ र शान्ति तामाङ तथा ब्लकरमा सुमित्रा रेग्मी, सुनिता खत्री, वसन्ती साउद र अलिशा मानन्धर रहेका छन्।

त्यस्तै स्पाइकरमा कप्तान निरुता , उषा भण्डारी, सलिना बुढा मगर, कामना विष्ट, रिमा कुवँर, मिना सुनार तथा सेटरमा प्रगति नाथ र जशना महतो टोलीमा परेका छन्। लक्ष्मी चन्द र आरती सुवेदी अन्तिम टोलीमा पर्ने सकेनन्।

नेपाली टोलीको मुख्य प्रशिक्षकमा जगदीश भट्ट छन्।

आयोजक सेन्ट्रल एसियाका नेपालसहित इरान, किर्गिस्तान, भारत, श्रीलंका, बंगलादेश, मालदिभ्स र कजाकिस्तानगरि कुल ८ राष्ट्र रहेका छन्।

च्याम्पियनसिप जेठ ८ गतेदेखि १५ गतेसम्म राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा हुनेछ । यो प्रतियोगिता एफआइभिबी वल्ड र्याङ्किङ भएकोले सहभागी सबै राष्ट्रको लागि निकै महत्वपूर्ण मानिएको छ।

# हमासका सशस्त्र शाखा प्रमुखको इजरायली आक्रमणमा मृत्यु

रासस/एएफपी । हमासको सशस्त्र शाखाका प्रमुख एजेदिन अल-हद्दादको शुक्रबार गाजामा इजरायलले गरेको आक्रमणमा मृत्यु भएको इजरायली सेनाले पुष्टि गरेको छ।



अल-हद्दादलाई इजरायलले सन् २०२३ अक्टोबर ७ मा भएको आक्रमणको सूत्रधार भएको बताएको छ।

प्यालेष्टिनी सशस्त्र इस्लामिक लडाकू समूह (हमास)ले पनि अल-हद्दादको इजरायली आक्रमणबाट मृत्यु भएको शनिबार पुष्टि गरेको छ।

हमासले सन् २०२३ अक्टोबर ७ मा इजरायलमा आक्रमण गरेपछि, इजरायली सेना र गुप्तचर सेवाहरूले गाजा र यस क्षेत्रमा समूहका वरिष्ठ राजनीतिक नेताहरू र लडाकू कमान्डरहरूलाई लक्षित गर्दै व्यापक अभियान चलाएका छन्।

शुक्रबार सेनाले गाजामा अल-हद्दादलाई लक्षित गरी हवाई आक्रमण गरेको थियो भने उहाँको मृत्यु भएको पुष्टि शनिबार गरेको हो।

सेनाले आफू र शिन बेट घरेलु सुरक्षा निकायलाई सङ्केत गर्दै भनेको छ, "इजरायली रक्षा बल (आइडिएफ) र इजरायली सुरक्षा निकाय (आइएसए) ले शुक्रबार गाजाको शहरी क्षेत्रमा गरेको एक सटीक आक्रमणमा हमासको सशस्त्र शाखाका प्रमुख अल-हद्दादको मृत्यु भएको छ।"

हमासका दुई अधिकारीले पनि हद्दाद इजरायली आक्रमणमा मारिएको पुष्टि गरेका छन्।

"हमासका एक वरिष्ठ अधिकारी (सिनियर कमान्डर) ले भने, "गाजा शहरमा एक आवासीय अपार्टमेन्ट र एक नागरिक गाडीलाई लक्षित गरी इजरायलले गरेको आक्रमणमा एजेदिन अल-हद्दादले शाहदत प्राप्त गर्नुभएको छ।"

हमासको सशस्त्र शाखाका एक अर्का सदस्यले उहाँको मृत्युको पुष्टि गरेका छन्।

हमास निकट स्रोतका अनुसार, हद्दाद, उहाँकी श्रीमती र एक छोर ीसहितको इजरायली आक्रमणमा मृत्यु भएको थियो।

एएफपीका तस्वीरहरूमा शोकाकुल व्यक्तिहरूले हमासको झन्डाले बेरिएको हद्दादको शवलाई भवनको भग्नावशेषबाट उठाएर स्ट्रेचरमा बोकेको देखाइएको छ।

इजरायली सेनाले अक्टोबर ७ को नरसंहारको योजना र कार्यान्वयनको निर्देशन दिएका हद्दाद हमासको सैन्य शाखाका अन्तिम वरिष्ठ कमान्डरमध्ये एक भएको बताएको छ।

युद्धका क्रममा बन्धक इजरायलीलाई लुकाएर राख्ने र ठाउहरू सार्ने व्यवस्था गर्ने काममा पनि हद्दाद संलग्न रहेको बताइएको छ।

"हद्दादले हमासको बन्धक बन्दी प्रणालीको व्यवस्थापन गरेका र बन्धकहरूलाई ढाल बनाएर पटक-पटक आफ्नो जीवन जोगाउन सफल भएका थिए," विज्ञप्तिमा भनिएको छ।

इजरायलका सेना प्रमुख लेफ्टिनेन्ट कर्णेल इयाल जमिरले उक्त कारबाहीलाई 'महत्वपूर्ण उपलब्धि' भन्नुभएको छ।

"मैले फिर्ता भएका बन्धकहरूसँग गरेको प्रत्येक कुराकानीमा बारम्बार अल-हद्दादको नाम आउने गरेको थियो," जमिरले भन्नुभयो।

उहाँले भन्नुभयो, "आज हामी अल-हद्दादलाई हटाउन सफल भयौँ। आइडिएफले शत्रुहरूलाई पछ्याउने कामलाई जारी राख्नेछ, उनीहरूलाई आक्रमण गर्नेछ र अक्टोबर ७ को नरसंहारमा भाग लिने सबैलाई जवाफदेही बनाउनेछ।"

# बङ्गलादेशमा आक्रमण गर्ने धम्की दिँदै हिँड्ने पूर्वसैनिक पक्राउ

रासस/एएफपी । बङ्गलादेशको आतङ्कवाद विरोधी प्रहरीले विमानस्थल, संसद् र धार्मिक स्थलहरूलाई लक्षित गरी आक्रमण गर्ने चेतावनीपछि गत महिना शुरु भएको खोजतलासीका क्रममा पक्राउ परेका एक पूर्व सैनिकमाथि सोधपुछ सुरू गरेको छ।

पूर्व सैनिक मोहम्मद राहद हुसेन महेदलाई भारतीय सीमा नजिकै लुकेर बसेको अवस्थामा पक्राउ गरिएको उत्तर पूर्वी जिल्लाको मौलभीबजारस्थित प्रहरी चौकीका प्रमुख मोहम्मद मोनिरुज्जमानले बताउनुभयो।



प्रतिआतंकवाद अधिकारीहरूले २३ बर्षीय महेदलाई सोधपुछ भइरहेको र उहाँ कट्टरपन्थी इस्लामिक समूहसँग जोडिएको बङ्गलादेश प्र्हरीले बताएको छ।

"पक्राउ परेका व्यक्ति बर्खास्त सेनाका सदस्य हुन् र उनी प्रतिबन्धित सङ्गठन दौलतुल इस्लाम नियो-जेएमबीको विचारधाराबाट प्रेरित थिए," प्रहरीले शुक्रबार राति जारी गरेको विज्ञप्तिमा भनिएको छ।

अप्रिलको अन्त्यमा प्रहरीले सम्भावित आक्रमणको चेतावनी दिएपछि विमानस्थलको सुरक्षा कडा पारेको थियो, र त्यसबेलादेखि खोजी जारी थियो।

प्रहरीका अनुसार ती व्यक्तिले 'धारिलो हतियार, बन्दुक वा विस्फोटक पदार्थ' प्रयोग गरेर विमानस्थल, संसद् र धार्मिक स्थललगायत प्रमुख प्रतिष्ठानहरूमा आक्रमण गर्न सक्ने चेतावनी दिएको बताइएको छ।

बङ्गलादेश समय-समयमा अल-कायदा र इस्लामिक स्टेट समूहबाट प्रेरित घरेलु लडाकू समूहहरूको निशानामा पर्ने गरेको छ।

यस्तै घटनामा सन् २०१६ मा ढाकामा एक बेकरीमा भएको आक्रमणमा परी २२ जनाको मृत्यु भएको थियो।

सोही समयमा अल-कायदासँग सम्बन्धित लडाकुहरूले बङ्गलादेशी मूलका अमेरिकी नागरिक अभिजित रोयसहित धेरै धर्मनिरपेक्ष लेखक र कार्यकर्ताहरूको हत्या गरेका थिए । सन् २०२१ मा एक धर्मनिरपेक्षवादी 'ब्लगर'को हत्या गरेको आरोपमा पाँच जनालाई मृत्युदण्डको सजाय सुनाइएको थियो।

# पर्वतका किसानलाई सवा लाख माछाका भुरा निःशुल्क वितरण



पर्वत । पर्वतका विभिन्न पालिकामा व्यावसायिक रूपमा माछापालन गर्दै आएका किसानलाई अनुदानमा माछाका भुरा वितरण गरिएको छ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पर्वतले शत्प्रतिशत अनुदानमा पर्वतका ५७ जना किसानलाई एक लाख २३ हजार माछाका भुरा विवरण गरेको जानकारी दिएको छ।

व्यावसायिक रूपमा माछापालन गरिरहेका किसानलाई प्रोत्साहन गर्न किसानको पोखरीमा नै पुगेर माछा विवरण गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रका प्रमुख सुरेशकुमार श्रेष्ठले जानकारी दिनुभयो।

उहाँका अनुसार लामो समयदेखि माछापालन व्यवसायमा आबद्ध किसानबाट निवेदन सङ्कलन गरी सबै किसानलाई माछाका भुरा उपलब्ध गराइएको छ। किसानको पोखरीको क्षमता र मागका आधारमा भुराहरू उपलब्ध गराइएको उहाँले बताउनुभयो।

कार्यालय प्रमुख श्रेष्ठले वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत रु दुई लाख बजेट विनियोजन गरेर माछाका भुरा वितरण गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार स्थानीय हावापानीसँग सहज रूपमा हुर्कन सक्ने कमनकार्प जातका भुरा किसानलाई उपलब्ध गराइएको हो। "यो जातको माछा एक वर्षमै करिब दुई किलोसम्म पुग्ने भएकाले किसानलाई राम्रो आम्दानी लिन सहज हुन्छ," उहाँले भन्नुभयो।

कार्यालयले मत्स्य अनुसन्धान केन्द्र वेगनासपोखराबाट माछाका भुरा खरिद गरी किसानलाई विवरण गरेको जनाएको छ। यो केन्द्र नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गत सञ्चालनमा रहेको मत्स्य अनुसन्धान संस्था हो।

यस कार्यक्रमले जिल्लामा व्यावसायिक मत्स्यपालन विस्तारसँगै किसानको आयआर्जन वृद्धि हुने अपेक्षा गरिएको छ।

पर्वतको मोदी, कुश्मा, फलेवास, जलजला र पैँयूमा व्यावसायिक माछापालन गरिँदै आएको छ । पछिल्लो समय माछाको उपभोग गर्ने उपभोक्ताहरूको सङ्ख्या समेत बढ्दै गएकाले माछाका भुरा माग गर्ने किसानको संख्या पनि बढेको कार्यालयले जनाएको छ। रासस

# प्रयोगात्मक सीप विकासका लागि विद्यालयद्वारा तरकारीखेती विस्तार

म्याग्दी । जिल्लाको रघुगङ्गा गाउँपालिका-२ भगवतिस्थित मुक्तिधाम माध्यमिक विद्यालयले प्रयोगात्मक सीप विकासका लागि तरकारीखेती विस्तार गरेको छ। प्रयोगात्मक अभ्यास, चमेनागृह र छात्रावासका लागि आवश्यक पर्ने तरकारी आपूर्तिका साथै विद्यार्थीमा व्यावसायिक र प्रयोगात्मक ज्ञान, सीप विकास गराउने उद्देश्यले तरकारीखेती विस्तार गरिएको हो।

मुक्तिधाम माविका प्रधानाध्यापक अमरबहादुर खत्रीले वार्षिक रु २५ हजार तिर्नेगरी भाडामा लिएर चार रोपनी जमिनमा लगाइएको तरकारीले चमेनागृह र छात्रावासको माग धान्नाका साथै बिक्री गरेर विद्यार्थीले खाजा खर्च जुटाउने गरेका बताउनुभयो। यसले विद्यार्थीमा प्रयोगात्मक सीप विकास गर्नाका साथै आत्मनिर्भर बन्न प्रेरित गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

"कक्षा ९ देखि १२ सम्म कृषि प्राविधिक अध्ययन गर्ने ५० जना विद्यार्थीले प्रयोगात्मक अभ्यासका लागि तरकारीखेती गरेर व्यावहारिक र व्यावसायिक ज्ञान, सीप हासिल गर्नाका साथै बिक्री भएको आम्दानीबाट खाजा खर्च जुटाएका छन्", प्रअ खत्रीले भन्नुभयो,



"चमेनागृह र छात्रावासका लागि आवश्यक तरकारी विद्यालयकै करेसाबारीको उत्पादनले पुगेको छ।"

करेसाबारीमा बन्दा, काउली, टमाटर, साग, सिमी, करेला, घिरौँला, अकबरे खुर्सानी, काँक्रो, ब्रोकाउली, जुकेनीलगायत मौसमी र बेमौसमी विभिन्न जातका तरकारीखेती भइरहेका छन् । "बिरुवा पनि विद्यालयले तयार पार्दै आएको छ । तीन वटा प्लास्टिकको टनेल बनाइएको छ", उहाँले भन्नुभयो।

गँड्यौलाको प्रयोग गरेर करेसाबारीमा आवश्यक पर्ने प्राङ्गारिक मल विद्यालय आफैँले उत्पादन गरेको कृषि प्राविधिक विषयका प्रशिक्षक गणेश चोखालले बताउनुभयो । "विद्यालयको फोहर, फालिएका कापी किताब, च्याउखेतीमा प्रयोग भएको पराल र करेसाबारीको झारपातलाई गँड्यौला भएको खाडलमा कुहाएर मल बनाउने गरेका छौँ", उहाँले भन्नुभयो, "विद्यालय भवनको एउटा कोठामा काठको मुढामा सिताके जातको च्याउखेती पनि गरेका छौँ।"

मुक्तिधान माविबाट कृषि प्राविधिक विषयमा एसइई परीक्षा उत्तीर्ण गरेर कक्षा ११ मा भर्ना हुने तयारी गरेकी रेजिना भण्डारीले करेसाबारीमा काम गर्दा कक्षा कोठामा पढेको विषयवस्तु बुझ्न र सम्झन सजिलो भएको बताउनुभयो। विसं २००६ मा स्थापना भएको मुक्तिधाम माविले विसं २०६५ देखि कक्षा १२ सम्म र विसं २०७२ देखि कृषि प्राविधिक विषयको पठनपाठन सञ्चालन गर्दै आएको हो।

हाल तीन सय ५० जना विद्यार्थी अध्ययनरत रहेका मुक्तिधाममा कक्षा ६ देखि ८ सम्म विज्ञान, कम्प्युटर र गणित विषयलाई अङ्ग्रेजी माध्यमबाट पठनपाठन भइरहेको छ। यस वर्ष बेनी, पोखरा र निजी विद्यालयबाट पनि मुक्तिधाममा अध्ययनका लागि विद्यार्थी आएका प्रअ खत्रीले जानकारी दिनुभयो। विद्यालयमा पछिल्लो पटक सङ्घीय सरकारको सहयोगमा छात्रावास भवन र रघुगङ्गा गाउँपालिकाको आर्थिक सहयोगमा सभाहल निर्माण गरिएको छ। रासस

# लमजुङको भुजुङः मौलिक संस्कृति बोकेको पर्यटकीय गाउँ

काठमाण्डु । हरियाली डाँडाकाँडा, ढुङ्गाले बनेका र छाएका परम्परागत घर, खेतबारीमा व्यस्त स्थानीय र गुरुङ संस्कृतिको जीवन्त पहिचान बोकेको लमजुङको भुजुङ गाउँ पछिल्ला वर्षमा आन्तरिक तथा बाह्य पर्यटकको रोजाइ बन्दै गएको छ।

सदरमुकाम बेँसीसहरबाट करिब ३२ किलोमिटर उत्तरपश्चिममा पर्ने क्व्होलासोथार गाउँपालिका-४ स्थित भुजुङ समुद्री सतहदेखि करिब एक हजार ६०० मिटर उचाइमा अवस्थित छ। गुरुङ समुदायको बाक्लो बसोबास रहेको यो गाउँ परम्परागत संस्कृति, मौलिक जीवनशैली र आत्मीय आतिथ्यका कारण लमजुङको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा परिचित हुँदैछ।

कच्ची सडक पार गर्दै जिपमार्फत गाउँ पुग्दा बाटोभरि देखिने हरिया पहाड, खोल्साखोल्सी र ग्रामीण जीवनशैलीले जो-कोही यात्रुलाई मोहित गराउँछ । गाउँ छिर्नासाथ ढुङ्गाले छाएका घर, आँगनकै छेवैमा सुकाइएका मकैका झुत्ता, फूलबारी र परम्परागत पहिरनमा देखिने स्थानीयले आगन्तुकलाई स्वागत गरिरहेका भेटिन्छन्।


क्व्होलासोथार गाउँपालिका उपप्रमुख यमिमाया गुरुङका अनुसार भुजुङमा हाल ३६२ घरधुरी छन् भने ३३ घरमा होमस्टे सञ्चालनमा छन् । "भुजुङ पर्यटकको रोजाइमा पर्न थालेको छ", उहाँले भन्नुभयो, "विशेषगरी गुरुङ संस्कृति, मौलिक परिकार र प्राकृतिक जीवनशैली अनुभव गर्न आउने पर्यटकको सङ्ख्या बढिरहेको छ।"

गुरुङका अनुसार घरबास कार्यक्रमले गाउँको अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ। घरबास (होमस्टे)बाट प्रत्यक्ष लाभ लिने घरधुरी मात्रै होइन, छिमेकीसमेत कृषि उत्पादन, स्थानीय परिकार, हस्तकला तथा अन्य सेवामार्फत लाभान्वित भइरहेका छन्।

गाउँमा अधिकांश खाद्यान्न अर्गानिक उत्पादन हुने गरेको छ। खेतबारी घर नजिकै रहेकाले होमस्टेमा बस्ने पाहुनालाई स्थानीय उत्पादनबाट तयार गरिएका परिकार पस्किने गरिएको छ । स्थानीयको मुख्य पेसा कृषि र वैदेशिक रोजगारी भए पनि पछिल्ला वर्षमा पर्यटन व्यवसाय आयआर्जनको महत्वपूर्ण आधार बन्दै गएको उपप्रमुख गुरुङले बताउनुभयो। गाउँपालिकाले भुजुङको पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकास, जनचेतना तथा स्थानीयको क्षमता अभिवृद्धिमा सहकार्य गरिरहेको उहाँको भनाइ छ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले पनि भुजुङलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सहयोग गर्दै आएको स्थानीय बताउँछन्। सरसफाइ अभियान, पर्यावरण संरक्षण तथा जनचेतनामूलक कार्यक्रममार्फत गाउँलाई व्यवस्थित बनाउन सहयोग पुगेको छ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालयका प्रमुख प्रमोदराज रेग्मीका अनुसार आयोजनाले यस क्षेत्रको जैविक विविधता संरक्षणसँगै स्थानीयको



जीविकोपार्जन सुधारका लागि काम गर्दै आएको छ। "पर्यटन प्रवर्द्धन र वातावरण संरक्षणलाई सँगसँगै अघि बढाउने प्रयास भइरहेको छ", उहाँले भन्नुभयो। आयोजनाले लघुजलविद्युत् सञ्चालन, चियाबारी व्यवस्थापन तथा सरसफाइ अभियानमा स्थानीयलाई सहयोग गर्दै आएको छ । "गाउँलेसँग हातेमालो गरेर वातावरण संरक्षण र पर्यटन विकासमा सँगसँगै काम गरिरहेका छौँ", रेग्मीले भन्नुभयो।

स्थानीयवासी गाउँ छाडेर बाहिर बसाइँ सर्नेक्रम अन्यत्रभन्दा कम रहेको पनि यहाँको विशेषता हो। गाउँमै कृषि, पर्यटन र अन्य साना व्यवसायबाट आयआर्जनको अवसर बढ्दै गएपछि अधिकांश स्थानीय आफ्नै ठाउँमा सक्रिय देखिन्छन् । भुजुङका होमस्टे सञ्चालक हुमकुमारी गुरुङले पाहुनालाई गाउँकै उत्पादनबाट तयार गरिएका परिकार खुवाउने गरिएको बताउनुभयो । "ढिँडो, कोदोको रोटी, लोकल कुखुरा, माछा, खसी, गाउँकै सागपात, निगुरो र अचार पाहुनाले मन पराउनुहुन्छ", उहाँ थप्नुहुन्छ, "स्थानीय स्वाद र आत्मीय व्यवहारकै कारण धेरै पाहुना फेरिफेरि आउनुहुन्छ।"

भुजुङ केबल प्राकृतिक सौन्दर्यका कारण मात्र चर्चित छैन, यो गाउँ गुरुङ संस्कृतिको जीवित सङ्ग्रहालयका रूपमा पनि परिचित छ। यहाँ स्थानीय लोपोन्मुख सांस्कृतिक नृत्य अझै जोगाइएका छन् । विशेष अवसर र पर्यटकीय मौसममा स्थानीय युवा तथा अग्रज मिलेर सांस्कृतिक प्रस्तुति देखाउने गर्छन्। स्थानीय लालीगुराँस युवा क्लबका अध्यक्ष नौराजगुरुङका अनुसार असोजदेखि मङ्सिरसम्म र चैत-वैशाखमा पर्यटकको चाप बढी हुन्छ । "सिजनमा घरबास भरिभराउ हुन्छ", गुरुङ भन्नुहुन्छ, "विदेशीभन्दा आन्तरिक पर्यटक अहिले बढी आउन थालेका छन।"

भुजुङ पुगेका पर्यटकलाई गाउँको शान्त वातावरण, गुरुङ संस्कृति र आतिथ्यले आकर्षित गर्ने गरेको छ। काठमाडौँबाट घुम्न आउनुभएका सरस्वती गोतामेले गाउँमा पुग्दा आफूले पुरानो नेपाली जीवनशैली नजिकबाट अनुभव गर्न पाएको अनुभव सुनाउनुभयो।

"यहाँको वातावरण निकै शान्त र स्वच्छ छ, सहरको भीडभाडबाट टाढा केही दिन बस्नका लागि भुजुङ उत्कृष्ट गन्तव्य रहेछ", उहाँले थप्नुभयो । व्यवस्थित सडक हुने हो भने यहाँ पर्यटकको चाप बढ्ने उहाँको धारणा छ।

गाउँमा कृषिकर्म पनि चलिरहेको छ। गाउँमा प्रायः सबै मानिस व्यस्त रहेन गरेका छन्। कोही खेतबारीमा गोडमेल गर्दै गरेका त कोही हस्तकलाका सामग्री बुन्ने काममा समेत व्यस्त देखिन्छन् । बाँस, निगालो र ऊनबाट बनाइने सामग्रीले गाउँको मौलिकता झल्काउँछ । गाउँमा पर्यटन प्रवर्द्धनसँगै सडक, सञ्चार र खानेपानीजस्ता पूर्वाधार विस्तार हुँदै गए पनि स्थानीयले मौलिकता जोगाउन प्रयास भने गरेका छन्।

प्राकृतिक सुन्दरता, गुरुङ संस्कृतिको जीवन्त अभ्यास, स्थानीय परिकार र आत्मीय आतिथ्यका कारण भुजुङ अहिले लमजुङको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ । सहरको कोलाहलबाट केही समय टाढा रहेर गाउँको मौलिक जीवन अनुभव गर्न चाहनेका लागि भुजुङ आकर्षक रोजाइ बनेको छ। रासस

# 'विदेश जान्न, पुख्यौंली पेसालाई आधुनिक र व्यावसायिक बनाउँछु'




बेलबारी। पछिल्लो समय युवाहरू रोजगारीका लागि खाडी मुलुकलगायत अन्य मुलुक गइरहेका बेला बेलबारी नगरपालिका-११ लक्ष्मीमार्गस्थित एक युवक भने स्वदेशमै पुख्यौंली पेसालाई व्यावसायिक रूप दिँदै उदाहरणीय बनिर हुनुभएको छ।

वैदेशिक रोजगारीमा नगई २५ वर्षीय राजा पुख्यौंली पेसाबाटै दैनिक दुई हजारभन्दा धेरै स्वदेशमै आम्दानी गरिरहनुभएको छ । सुनसरीको दुहबी नगरपालिका-७, भलुवाका २५ वर्षीय राजा ठाकुर विगत ८ वर्षदेखि कपाल काट्ने (हजाम) पेसामा सक्रिय हुनुहुन्छ। पारिवारिक आर्थिक अवस्था कमजोर भएपछि एसएलसी उत्तीर्णलगत्तै आफूले यो पेसा अङ्गालेको राजा ठाकुर बताउनुहुन्छ । बुबा रञ्जित ठाकुर र हजुरबुबाबाट गाउँमै यो सीप सिकेका राजाले अहिले यसैलाई आफ्नो जीविकोपार्जनको मुख्य आधार बनाउनुभएको छ।

आर्थिक अभावका कारण बीचमै पढाइ छाड्न बाध्य बन्नुभएका राजामा पढ्ने इच्छा भने मरेको थिएन। त्यसैले ८ वर्षको अन्तरालपछि उहाँले पुनः शिक्षा हासिल गर्ने अठोट गर्नुभयो । हालै उहाँले बेलबारी-११ स्थित रहेको लक्ष्मी माध्यमिक विद्यालयमा शिक्षा सङ्कायबाट कक्षा १२ को परीक्षा दिनुभएको छ।

दिनभर कैँची र काइँयोसँग खेल्ने राजा बिहान-बेलुका भने आफ्नो शैक्षिक भविष्य सुधार्न व्यस्त रहनुहुन्छ।रासस

# असी वर्षीय किर्तबहादुरलाई भैँसीगोठ नै रमाइलो



म्याग्दी । बुढ्यौलीसँगै गाला चाउरी पर्न र शरीर कुप्रन थाले पनि धवलागिरि गाउँपालिका-४ बगरका ८० वर्षीय किर्तबहादुर घर्तीलाई भैँसीगोठ छोड्न मन लागेको छैन।

समुन्द्री सतहदेखि तीन हजार मिटर उचाइमा रहेको दोभानको चरन खर्कमा चरिरहेका भैँसीहरूको गतिविधि नियालेर बसेको अवस्थामा भेटिनुभयो । रूखबाट लडेर शरीरमा परेको चोटका कारण ठाडो उभिन गाह्रो हुन थाले पनि छ दशकदेखिको भैँसीगोठको सम्बन्धबाट किर्तबहादुरलाई टाढिन नचाहेको सुनाउनुभयो।

"तन घरमा भए पनि मन भने भैँसीसँगै वनपाखा गरिरहेको हुन्छ," किर्तबहादुरले भन्नुभयो, "माइला छोरालाई गोठ जिम्मा लगाए पनि गोठ बस्न छाडेको छैन्।" बुबाआमासँगै गोठमै हुर्किएका किर्तबहादुर आठ वर्षको हुँदादेखि जङ्गल पस्नुभएको थियो।

"अहिले विदेशमा गएको जस्तै थियो त्यसबेला गोठमा जानु भनेको," उहाँले भन्नुभयो, "झरिबादल नभनी लेक र बेँशीका भिरपहरा, जङ्गलमा गोठ सार्ने हामीहरू हिउँदमा गाउँ नजिकको खेतबारीमा आउँदा मात्रै घरपरिवारसँग भेट हुन्थ्यो। बर्खामा तीन चार महिना कसैसँग सम्पर्क हुँदैनथ्यो।"

पोषिलो घाँस पाइने भएकाले भैँसीहरू पाँच हजार मिटर उचाइका बुकीमा चरनका लागि आफैँ पुग्ने गरेको अनुभव किर्तबहादुरले सुनाउनुभयो । स्थानीय लिमे पारकोटे जातका दुई वटाबाट सुरु भएको किर्तबहादुरको गोठमा भैँसीको संख्या २५ भन्दा कम कहिल्यै भएनन् । दुहुना भैँसी, पाडापाडी, राँगो र घिउ बेचेर छ जना छोराछोरी हुर्काएको, उनीहरूलाई पढाएको र घरव्यवहार चलाएको किर्तबहादुरले बताउनुभयो। रासस

# जग्गाधनी प्रमाणपत्रबाट पाँच करोड ७९ लाख ३० हजार राजस्व सङ्कलन

राँझा । बाँकेमा भूमिहीन दलित तथा भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीलाई जग्गाधनी प्रमाणपूर्जा वितरणबाट रु पाँच करोड बढी राजस्व सङ्कलन भएको छ।

कोहलपुर नगरपालिका र राप्तीसोनारी गाउँपालिकामा रहेका १२५ भूमिहीन दलित तथा भूमिहीन सुकुमवासी र ६८१ अन्य अव्यवस्थित बसोबासी गरी हालसम्म ८०६ जनालाई जग्गाधनी प्रमाणपत्र वितरण गर्दा रु पाँच करोड ७९ लाख ३० हजार ३०९ राजस्व सङ्कलन भएको भूमि समस्या समाधान आयोग जिल्ला समितिका निवर्तमान अध्यक्ष घननाथ खनालले बताउनुभयो।

आफ्नो कार्यकालमा भएका कामबारे जानकारी दिँदै अध्यक्ष खनालले कोहलपुर नगरपालिकाबाट रु पाँच करोड २७ लाख ४६ हजार ३१७ र राप्तीसोनारी गाउँपालिकाबाट रु ५१ लाख ८३ हजार ९९२ गरी जम्मा रु पाँच करोड ७९ लाख ३० हजार ३०९ राजस्व सङ्कलन भएको बताउनुभयो।

"सबैभन्दा धेरै कोहलपुर नगरपालिका वडा नं. १ मा पाँच सय ४० अव्यववस्थित वसोवासी र एक सय भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीलाई लालपूर्जा वितरण गरिएको छ", उहाँले भन्नुभयो,



"राप्तीसोनारी वडा नं ४ मा १४१ अव्यवस्थित बसोवासी र २५ जना भूमिहीन दलित तथा भूमिहीन सुकुमवासीलाई जग्गाधनी प्रमाणपत्र वितरण गरिएको छ।"

कोहलपुर वडा नं १ मा ११७ जना भूमिहीन दलित तथा भूमिहीन सुकुमवासीलाई जग्गाधनी प्रमाणपुर्जाका लागि राजस्व बुझाउन सूचना जारी गरिएकामा १०० जनाले मात्र राजस्व रकम दाखिला गरेका थिए।

यसैगरी, ७२६ अव्यवस्थित बसोवासीलाई राजस्व जम्मा गर्न सूचना जारी गरेकामा ५४० जनाले राजस्व जम्मा गरेको निवर्तमान अध्यक्ष खनालले जानकारी दिनुभयो।

भूमि समस्या समाधान आयोगले बाँकेका छ स्थानीय तहमा भूमिहीन दलित तथा भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीको जग्गा नापजाँच गरेको छ । नेपालगञ्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, राप्तीसोनारी, वैजनाथ, खजुरा र जानकी गाउँपालिकामा जग्गाधनी पुर्जा वितरणका लागि जग्गा नापनक्सा जाँच भइरहेका बेला भूमि समस्या समाधान आयोग विघटन भएको हो।

कोहलपुर नगरपालिकाका १५ वटै वडा, जानकी गाउँपालिकाको ५ नं वडा, बैजनाथ गाउँपालिकाको वडा नं १, ४, ६ र ७, राप्तीसोनारी गाउँपालिकाको २, ३, ४, ५, ७ र ९, खजुरा गाउँपालिकाको वडा नं ४ र ५ मा नापजाँच भइसकेको छ।

बाँकेमा जग्गाधनी प्रमाणपत्रका लागि करिब ६० हजार भूमिहीन दलित तथा भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीले आवेदन दिएका थिए। हालसम्म ५३ हजार ७०५ जनाको आवेदन प्रणालीमा दर्ता भइसकेको छ। रासस


गुठी तैनाथी पोखरी/जग्गा बहालमा लगाउने सम्बन्धी बोलपत्र आव्हानको ३५ दिने सार्वजानिक सूचना

पहिलो पटक प्रकाशित मिति : २०८३/०२/०२ गते

गुठी संस्थानको पूर्ण स्वामीत्वमा रहेको तपसिल बमोजिमको गुठी तैनाथी जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट ५ (पाँच) बर्षको लागी बहालमा व्यवस्था गर्नुपर्ने भएकोले उल्लेखित जग्गाको सार्वजानिक सुचना प्रकाशित गरिएको छ। विस्तुत विवरण यस कार्यालयको सूचना पाटी वा गुठी संस्थानको वेबसाइटमा समेत हेर्न सकिन्छ।

www.guthisansthan.org.np

तपसिल

| सि. नं. | जिल्ला | गा.वि.स. न.पा. | वडा नं. | कि.नं. | क्षे.फ. | न्यूनतम मूल्याङ्कन एकशाला |
|---|---|---|---|---|---|---|
| १. | महोत्तरी | रामगोपालपुर | विभिन्न कित्ता | | ५०-०-० | |
| २ | महोत्तरी | खुट्टा पिप्राढी | विभिन्न कित्ता | | ८-०-० | |
| ३ | महोत्तरी | नैन्ही सुडीयाही | वा.नं.१,२, (५ कित्ता) | | २०-०-० | |
| ४ | महोत्तरी | साढा जावख | ५८ कित्ता वा.नं. ६,७,८क,८ख,९ | | २५-७-१७ | |
| ५ | महोत्तरी | मटिहानी | ७ | १०७ | २-१०-१७ | |
| ६ | धनुषा | उमाप्रेमपुर | ४४ कित्ता वा. नं. ९क,९ख | | २०-१५-१ | |
| ७ | महोत्तरी | धिरापुर | ६क | ३२६ | १२-१७-० | |
| ८ | महोत्तरी | धिरापुर | ९क | २८६ | १९-१-० | |
| ९ | महोत्तरी | धिरापुर | ६क | ६५६ | ३-१९-१४ १/२ | |
| १० | धनुषा | फुलगामा | विभिन्न कित्ता | | १३२-०-० | |
| ११ | धनुषा | कजरा रमौल | विभिन्न कित्ता | | ३४-१-१९ | |
| १२ | धनुषा | सपही | ५क,८ग,७ख,७क,५ख, ६ को (१०९ कित्ता) | | ३२-९-७ | |
| १३ | महोत्तरी | बहुअर्वा | कित्ता संख्या १६ वा.नं. ७ख, ८क ,९ | | ७-१४-१२.५ | |

गुठी संस्थान शाखा कार्यालय महोत्तरी, जलेश्वर

सम्पर्क नम्बरः– ०४४–५२००७४

# महानगरका कर्मचारीहरु तलबविहिन




**टुडे समाचारदाता**

वीरगञ्ज । प्रमुख प्रशासकीय अधिकृत अभावले वीरगञ्ज महानगरपालिकाका कर्मचारीहरू तीन महिनादेखि तलबविहीन भएका छन् भने महानगरको दैनिक प्रशासनिक कामकाज र विकास निर्माणका गतिविधि प्रभावित बनेका छन् ।

२०८२ फागुनदेखि तलब निकासा हुन नसक्दा महानगर कार्यालयसहित ३२ वटै वडा कार्यालय, स्वास्थ्य संस्था तथा विभिन्न शाखामा कार्यरत कर्मचारी आर्थिक संकटमा परेको गुनासो बढेको छ । नियमित रूपमा सेवा प्रवाह जारी राखे पनि तलब नपाउँदा घरखर्च चलाउन कठिन भएको कर्मचारीहरूले बताएका छन् ।

तत्कालीन मन्त्रिपरिषद्को २०८२ फागुन १२ गतेको निर्णयअनुसार सहसचिव रेशमलाल कँडेललाई वीरगञ्ज महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाइएको थियो । तर, निर्णय भएको लामो समय बितिसक्दा पनि उनी हाजिर हुन नआएपछि प्रशासनिक नेतृत्व रिक्तजस्तै बनेको महानगर स्रोतले जनाएको छ ।

यसअघि निमित्त प्रमुख प्रशासकीय अधिकृतका रूपमा रहेका दशौं तहका अधिकृत अरविन्दलाल कर्णले आर्थिक तथा प्रशासनिक अधिकार प्रयोग गर्दै आएका थिए । तर, संघीय सरकारले नयाँ प्रमुख प्रशासकीय अधिकृत पठाउने निर्णयसँगै उनको अधिकार कटौती भएपछि महानगरको वित्तीय प्रक्रिया समेत अवरुद्ध भएको बताइएको छ ।

तलब नपाउँदा कर्मचारी मात्र नभई निर्माण व्यवसायीहरू पनि प्रभावित भएका छन् । सडक, नाला, ढललगायत पूर्वाधार योजनाको भुक्तानी रोकिँदा कतिपय आयोजना सुस्त बनेका छन् भने केही काम पूर्ण रूपमा रोकिएको जनाइएको छ। कर्मचारीहरूले नाम नखुलाउने सर्तमा बताएअनुसार धेरैजना ऋण गरेर घर चलाइरहेका छन् भने छोराछोरीको विद्यालय शुल्क तिर्नसमेत कठिनाइ भएको छ ।

यसैबीच, महानगर प्रमुख राजेशमान सिंहले संघीय सरकारले स्थानीय तहसँग समन्वय नगरी निर्णय थोपर्दा समस्या जटिल बनेको आरोप लगाएका छन् । महानगरले पुनर्विचारका लागि मन्त्रालयमा पत्राचार गरे पनि समाधान खोज्नुको सट्टा कार्यरत अधिकृतको अधिकार नै कटौती गरिएको उनको आरोप छ ।

कानुनी व्यवस्था अनुसार महानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहसचिव स्तरको हुने र यस्तो पदमा कर्मचारी खटाउने निर्णय संघीय मन्त्रिपरिषद्बाट हुने व्यवस्था छ। तर, ढिलाइ र समन्वय अभावका कारण स्थानीय सेवा प्रवाह नै प्रभावित बनेको देखिएको छ ।

प्रशासनिक अन्योलका कारण सेवा प्रवाह ढिलो हुने, विकास योजनाका भुक्तानी रोकिँदा निर्माण सुस्त हुने तथा स्वास्थ्य र सरसफाइ कार्यक्रमसमेत प्रभावित भएको स्थानीयवासीले गुनासो गरेका छन् । कर्मचारीहरूमा अन्योल र त्रासको अवस्था बढेको महानगर नेतृत्वको भनाइ छ ।

# आम्दानीमा कमजोर मधेश, आन्तरिक खर्चमा अगाडि

**प्रतिवेदनअनुसार मधेश प्रदेशले लक्ष्यको केवल ६७.३९ प्रतिशत मात्रै राजस्व संकलन गर्न सकेको छ, जुन सातै प्रदेशमध्ये सबैभन्दा कम हो । कर, गैरकर, बाँडफाँट र रोयल्टीमार्फत आम्दानी बढाउने अपेक्षा गरिए पनि प्रदेशले लक्ष्यअनुसार प्रगति गर्न सकेन ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश सरकारहरूको आर्थिक गतिविधि हेर्दा मधेश प्रदेशको वित्तीय अवस्था सबैभन्दा कमजोर देखिएको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को ६३ औं वित्तीय प्रतिवेदनले मधेश प्रदेशको विरोधाभासी तस्वीर प्रस्तुत गरेको देखिन्छ ।

राजस्व उठाउने मामिलामा सबैभन्दा कमजोर, तर आफ्नो आन्तरिक स्रोत खर्च गर्ने मामिलामा भने उच्च स्थानमा रहेको छ। प्रदेश सरकारहरूले संघीयतासँगै आर्थिक आत्मनिर्भरता बढाउने लक्ष्य लिएका भए पनि मधेश प्रदेशको हालको अवस्था हेर्दा आम्दानी र खर्चबीचको सन्तुलन चुनौतीपूर्ण देखिएको छ ।

प्रतिवेदनअनुसार मधेश प्रदेशले लक्ष्यको केवल ६७.३९ प्रतिशत मात्रै राजस्व संकलन गर्न सकेको छ, जुन सातै प्रदेशमध्ये सबैभन्दा कम हो । कर, गैरकर, बाँडफाँट र रोयल्टीमार्फत आम्दानी बढाउने अपेक्षा गरिए पनि प्रदेशले लक्ष्यअनुसार प्रगति गर्न सकेन ।




विशेषज्ञहरूका अनुसार खुला सीमाना, अनौपचारिक व्यापार, कमजोर कर प्रशासन तथा चुहावट नियन्त्रण प्रभावकारी हुन नसक्दा मधेश प्रदेश अपेक्षित राजस्व संकलनमा पछि परेको हो । आर्थिक गतिविधि उच्च भए पनि त्यसलाई कर प्रणालीभित्र ल्याउन नसक्नु मधेशको प्रमुख कमजोरीका रूपमा देखिएको छ ।

राजस्व संकलन कमजोर भए पनि खर्च कार्यान्वयनमा मधेश प्रदेश आक्रामक देखिएको छ । प्रदेशले आफ्नै आन्तरिक स्रोतबाट हुने खर्चको ७०.७५ प्रतिशत रकम खर्च गरिसकेको छ, जुन देशकै दोस्रो स्थान हो ।

यसले प्रदेश सरकार विकास आयोजना, प्रशासनिक संरचना र कार्यक्रम कार्यान्वयनमा तीव्र रूपमा अघि बढेको संकेत गरेको छ । तर अर्थविद्हरू भने राजस्व वृद्धि बिना खर्च विस्तार भइरहनु दीर्घकालीन रूपमा जोखिमपूर्ण हुन सक्ने चेतावनी दिन्छन् ।

राजस्व संकलनमा सबैभन्दा प्रभावशाली प्रदर्शन भने कोशी प्रदेशले गरेको छ । कोशीले लक्ष्यको ९२.२१ प्रतिशत राजस्व उठाएको छ भने आन्तरिक श्रोततर्फ ५९.८६ प्रतिशतले खर्च गरेको छ । उद्योग, व्यापार, कृषि प्रशोधन र पूर्वी नाकाको आर्थिक चलायमानताले प्रदेशलाई बलियो बनाएको विश्लेषण गरिएको छ ।

सुदूरपश्चिम प्रदेश पनि राजस्व संकलनमा आश्चर्यजनक रूपमा सफल देखिएको छ । प्रदेशले ९२.०१ प्रतिशत राजस्व संकलन गर्दै दोस्रो स्थान बनाएको छ । कृषि, जडीबुटी तथा सीमावर्ती व्यापारबाट प्रदेशले अपेक्षाभन्दा राम्रो आम्दानी गर्न सफल भएको देखिन्छ । तर खर्चतर्फ भने यी प्रदेश मध्यम अवस्थामा छन् भने आन्तरिक श्रोततर्फ ५९.८५ प्रतिशत खर्च गरेको देखिन्छ ।

देशको आर्थिक केन्द्र बागमती प्रदेशले राजस्व संकलनमा ८२.३९ प्रतिशत उपलब्धि हासिल गरेको छ भने आन्तरिक श्रोत खर्चतर्फ बागमती सबैभन्दा अगाडि देखिएको छ । प्रदेशले आफ्नै स्रोतको ७७.०६ प्रतिशत खर्च गरिसकेको छ, जुन सातै प्रदेशमध्ये उच्च हो । यसले बागमतीलाई राजस्व र खर्च दुवै दृष्टिले तुलनात्मक रूपमा सन्तुलित प्रदेशका रूपमा रहेको छ ।

गण्डकी प्रदेशले राजस्व संकलनमा ८१.५२ प्रतिशत उपलब्धि हासिल गरेको छ भने आन्तरिक स्रोत खर्च ५८.५३ प्रतिशत रहेको छ । लुम्बिनी प्रदेशले राजस्व संकलनमा ७२.२४ प्रतिशत प्रगति गरेको छ भने आन्तरिक स्रोत खर्च ६३.०७ प्रतिशत पुगेको छ । औद्योगिक क्षेत्र, कृषि उत्पादन र सीमावर्ती व्यापारले लुम्बिनीलाई तुलनात्मक रूपमा स्थिर रहेको देखिन्छ ।

कर्णाली प्रदेशले राजस्व संकलनमा ८८.४० प्रतिशत उपलब्धि हासिल गरे पनि खर्चतर्फ भने सबैभन्दा कमजोर देखिएको छ। प्रदेशले आफ्नै स्रोत खर्चको केवल ५०.१६ प्रतिशत मात्रै खर्च गर्न सकेको छ। भौगोलिक विकटता, कमजोर पूर्वाधार र सीमित प्रशासनिक क्षमता कर्णालीको खर्च कार्यान्वयनमा मुख्य बाधाका रूपमा देखिएका छन् ।

प्रदेशहरूको पछिल्लो वित्तीय तथ्यांकले संघीय संरचनाको प्रभावकारितामाथि फेरि बहस सुरु गराएको छ। कतिपय प्रदेशले राम्रो राजस्व उठाएका छन् तर खर्च गर्न सकेका छैनन्, भने कतिपय प्रदेश खर्चमा आक्रामक भए पनि आम्दानी कमजोर छ ।

विशेषगरी मधेश प्रदेशको अवस्था अहिले सबैभन्दा बढी चासोको विषय बनेको छ । आर्थिक गतिविधि उल्लेख्य हुँदाहुँदै पनि राजस्व संकलनमा कमजोर देखिनु र उपलब्ध स्रोत तीव्र गतिमा खर्च भइरहनु प्रदेशको वित्तीय अनुशासन र दीर्घकालीन दिगोपनमाथि प्रश्न उठाएको छ ।

# क्षीरेश्वरमा अस्पताल निर्माण




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा १५ शैय्याको अस्पताल निर्माण सुरु भएको छ ।

नगरपालिकाको सदरमुकाम वडा नम्बर ५ महेन्द्रनगरमा रु १२ करोड १० लाख २१ हजारको लागतमा अस्पताल निर्माण हुन लागेको जनाइएको छ । नगर प्रमुख सुखदेव यादव र उपप्रमुख रचना श्रेष्ठ माथेमाले संयुक्त रूपमा शिलान्यास गरेका छन् ।

अस्पताल निर्माण गर्न २०८२ चैतमा सम्झौता भएको थियो। निर्माण कार्य २०८४ चैतभित्र सम्पन्न गर्ने लक्ष्य छ। शिलान्यास गर्दै नगर प्रमुख यादवले नगरवासीलाई गुणस्तरीय र सहज स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले अस्पताल निर्माण सुरु गरिएको बताए ।

सामान्य उपचारका लागि पनि नगरवासी टाढासम्म धाउनुपर्ने बाध्यता अन्त्य गर्ने लक्ष्यसहित स्वास्थ्य पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको उनको भनाइ थियो । कार्यक्रममा उपप्रमुख माथेमाले अस्पताल निर्माणपछि स्थानीय नागरिकले आधुनिक तथा प्रभावकारी स्वास्थ्य सेवा पाउने विश्वास व्यक्त गरिन् ।

# ७ वर्ष कैद सजाय

**टुडे समाचारदाता**

जनकपुरधाम । सप्तरीमा विवाहको प्रलोभन दिई पटक-पटक करणी गरेको आरोपमा एक युवकलाई सात वर्ष कैद र ३ लाख रुपैयाँ क्षतिपूर्ति तिराउन जिल्ला अदालतले आदेश दिएको छ ।

सप्तरी जिल्ला अदालतका न्यायाधीश महेन्द्रबहादुर थापा क्षेत्रीको इजलासले महादेवा गाउँपालिका- ४ डाढा टोल बस्ने २१ वर्षीय अजय कुमार साहलाई यस्तो आदेश दिएको हो । गएको फागुनमा फैसला सुनाइएको भएपनि फैसलाको पूर्णपाठ भने हालैमा सार्वजनिक भएको छ ।

२०८२ वैशाख ११ गते दर्ता भएको मुद्दामा सातौं पेशीमा गत फागुन १७ गते अदालतले फैसला सुनाएको थियो । साहले विवाहको प्रलोभन देखाएर २०८१ चैत ८ गते साँझको समयमा आफ्नो छोरीलाई आफ्नो घरमा बोलाएर रातिको समयमा इच्छा विपरीत पटक-पटक जबरजस्ती करणी गरेको भन्दै पीडितका अभिभावकले जाहेरी दरखास्त दिएका थिए ।



युवकले पीडित र आफूबीच टिकटकको माध्यमबाट चिनजान भएको र दुवै जनाबीच प्रेम भई विवाह गर्नेसम्म सहमति भएको बयान दिएका थिए । युवकले विवाह गर्छुभनि पीडितकै सहमतिमा करणी गरेको बयान गरेका थिए । तर पीडितले आफूलाई फोन गरेर बोलाएर जबरजस्ती करणी गरेको र विवाह गर्ने भन्दै फकाई सोही राति सोही ठाउँमा छोडेर फरार भएको बयान दिएकी थिइन ।

अदालतमा भने साहले जाहेरवालालाई नचिनेको तर पीडित भनिएकी युवतीलाई टिकटकमा साथी भएकाले चिनेको भन्दै आफूले जबरजस्ती करणी नगरेको भन्दै इनकारी बयान दिएका थिए ।

उनले इनकारी बयान गरेपनि अनुसन्धानको क्रममा बयान गर्दा पटक-पटक विवाह गर्छु भनी पीडितकै सहमतिमा करणी गरेको, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र परीक्षण गर्ने विशेषज्ञ चिकित्सकको बकपत्रले जबरजस्ती करणी भएको पुष्टि भएको अदालतले ठहर गरेका छन् ।

# गाँजासहित दुईजना पक्राउ

**टुडे समाचारदाता**

राजविराज । सप्तरी प्रहरीले ठुलो परिणाममा लागुऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेका छन् ।

प्रहरीका अनुसार पक्राउ पर्नेमा धनकुटाका साङ्गुरीगढी गाउँपालिका वडा नम्बर १ का ३३ वर्षीय महाप्रसाद लिम्बू र मोरङको लेटाङ नगरपालिका वडा नम्बर ५ का ४७ वर्षीय बलबहादुर लिम्बू रहेका छन् । जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाए अनुसार उनीहरुको साथबाट एक सय ४१ किलो गाँजा बरामद गरिएको हो ।

पूर्वपश्चिम राजमार्गको खडक नगरपालिका-५, रन्जितपुर खण्डमा सवारी चेकजाँचका क्रममा ठुलोपरिमाणमा गाँजासहित उनीहरूलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

धरानबाट लहानतर्फ जाँदै गरेको को. १ च. २६६७ नम्बरको पिकअप भ्यानलाई शङ्का लागेर खानतलासी गर्दा भित्र लुकाएर




राखिएको १४ पोकामा कुल १४१ किलो गाँजा फेला परेको सप्तरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले बताएका छन् । पिकअप भ्यान सहित दुवैजनालाई नियन्त्रणमा लिई सप्तरी जिल्ला अदालत राजविराजबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको छ ।

यसैबीच सवारी ज्यान मुद्दामा विगत आठ महिनादेखि फरार रहेका एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।दुर्घटनामा संलग्न रही फरार रहेका खडक नगरपालिका वडा नम्बर १० का २६ वर्षीय शिभामणि चौधरीलाई प्रहरीले लुकिछिपी बसेको अवस्थामा बेल्हाबाट पक्राउ गरेको जनाएको छ ।

सवारी ज्यान मुद्दा कसुरमा जिल्ला अदालतबाट छ दिनको म्याद थप गरी कारबाही प्रक्रिया अघि बढाएको प्रहरी जनाएको छ। २०८२ असोज १६ गते खडक नगरपालिका वडा नम्बर ११ मा दुई वटा मोटरसाइकल एक आपसमा ठक्कर खाँदा भएको दुर्घटनामा चालकहरू चिन्तामणि चौधरी र सोभिन कुमार चौधरीको उपचारका क्रममा मृत्यु भएको थियो ।

त्यसैगरी अग्निसाईर कृष्णसवरण गाउँपालिका वडा नम्बर ६ मा गुडिरहेको गाडी रोकी सिसा फुटाउने र गालीगलौज गरी अभद्र व्यवहार गरेको आरोपमा दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा सोही गाउँपालिका वडा नम्बर ६ का ३० वर्षीय सन्तोष मण्डल र ३३ वर्षीय सञ्जय चौधरी छन् ।

राजेन्द्रप्रसाद साहको जाहेरीका आधारमा उनीहरूलाई नियन्त्रणमा लिई अभद्र व्यवहार कसुरमा मुद्दा दर्ता गरि जिल्ला प्रशासन कार्यालयबाट चार दिनको म्याद थप गरी अनुसन्धान थालिएको प्रहरीले जनाएको छ ।

# सुकुम्बासीलाई लालपुर्जा वितरण



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला बिहारी नगरपालिकामा ४८३ सुकुम्बासी परिवारलाई गाउँब्लक जग्गाको लालपुर्जा वितरण गरिएको छ ।

साबिक मिथिलेश्वर निकास गाविस वडा नम्बर ६, ७, ८ र ९ मा पुस्तौंदेखि गाउँब्लक जमिन भोगचलन गर्दैआएका ती परिवारलाई एक कार्यक्रमका बीच लालपुर्जा वितरण गरिएको हो ।

नापी कार्यालय धनुषाको २ नम्बर नापी टोलीका प्रमुख सियाराम साहले गाउँब्लक जग्गाको नापनक्सा तथा दर्ता प्रक्रिया पुरा गरी शनिबार लालपुर्जा वितरण गरिएको बताएका छन् ।

उनले कार्यालयमा यस ठाउँबाट दर्ता भएका छ सय ५८ निवेदनमध्ये हाल चार सय ८३ जनालाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको जानकारी दिए । टोली प्रमुख साहले लालपुर्जा पाउनबाट वञ्चित रहेका परिवारलाई पनि चाँडै सम्पूर्ण प्रक्रिया पूरा गरी प्रमाणपत्र वितरण गरिने बताएका छन ।

लालपुर्जा प्राप्तिपछि ती परिवारको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने उनले विश्वास व्यक्त गरेका छ्न । कार्यक्रममा उपस्थित वडाध्यक्ष सुरेन्द्रकुमार मण्डलले पुस्तौंदेखि भोगचलन गर्दै आएका गाउँब्लक जग्गाको स्वामित्व प्राप्तिका लागि भएको लामो संघर्ष र सरकारी कर्मचारीको निरन्तर प्रयासको कारण लालपुर्जा वितरण गरिएको बताए ।

लालपुर्जा प्राप्त गरेका स्थानीयवासीले आफ्नो पुर्ख्यौली जग्गामा कानुनी अधिकार प्राप्त भएको भन्दै खुसी व्यक्त गरेका छन् । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उपेन्द्र न्यौपाने, कार्यपालिका सदस्य रामउदगार दास, सर्वेक्षक राजिवप्रसाद साह, अमिन श्यामराज पण्डित, सञ्जय यादवलगायत कर्मचारी र विभिन्न राजनीतिक दलका प्रतिनिधिको सो कार्यक्रममा उपस्थिति रहेको थियो ।

# चाइनिज स्याउ बरामद

**टुडे समाचारदाता**

जलेश्वर । सशस्त्र प्रहरीले महोत्तरीबाट तस्करीको आशंकामा एक पिकअपलाई नियन्त्रणमा लिंदा त्यसमा चाइनिज स्याउ रहेको खुलेको छ। चाइनिज स्याउ बरामद भएपछि भन्सार प्रशासनमाथि गम्भीर प्रश्न उठेको छ ।

मलिवाडा भिठामोड भन्सार कार्यालयले केही दिनअघि मुद्दा नै नचलाइ फिर्ता गरेको प्र-१-०४-००१ च ०४१४ नम्बरको पिकअप भारतीय सीमा क्षेत्रमा चाइनिज स्याउ बोकेको अवस्थामा भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले नियन्त्रणमा लिएको हो। भारतीय सुरक्षाकर्मीका अनुसार सिरसिया डिमाहीस्थित पिलर नम्बर ३१० नजिक ५१ नम्बर बटालियनले उक्त पिकअपसहित तस्करीका सामान बरामद गरेको हो ।

यसअघि गत बैशाख १९ गते राति सशस्त्र प्रहरी बल महोत्तरीले इटहर्बाकट्टी नाकाबाट तीन वटा पिकअप नियन्त्रणमा लिएको थियो। ती गाडीमा करिब ६ हजार किलो चाइनिज स्याउ




रहेको र सामानको अनुमानित मूल्य ४१ लाख ७० हजार ५ सय रुपैयाँ बराबर रहेको प्रहरी प्रतिवेदनमा उल्लेख थियो ।

प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानमा ती सामान भन्सार छल्दै भारततर्फ लैजान खोजिएको देखिएको थियो । सशस्त्र प्रहरी पुगेपछि चालकहरू गाडी छाडेर फरार भएका थिए । त्यसपछि बरामद सामान र गाडी भन्सार कार्यालयलाई बुझाइएको थियो ।

भन्सार कार्यालयले सुरुमा बरामद सामान लिलामी गर्ने सूचना निकाले पनि केही घण्टामै मुद्दा नचलाउने निर्णय गर्दै गाडी र सामान फिर्ता गरेको स्रोतले जनाएको छ । स्थानीयवासीका अनुसार सुरुदेखि नै केही बिचौलियाको सक्रियतामा गाडी छुटाइएको चर्चा चलिरहेको थियो ।

अहिले सोही पिकअप फेरि तस्करीमा समातिएपछि भन्सार कर्मचारी, तस्कर र बिचौलियाबीच मिलेमतो भएको आशंका थप बलियो बनेको छ । घटनापछि स्थानीय नागरिक तथा विभिन्न राजनीतिक दलहरूले निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन् ।

व्यवसायिक खेतिमा विषादीको कम प्रयोग
माटो राम्रो, बाली राम्रो,
विषादी कम, सुरक्षित स्वास्थ्य
हाम्रो सन्तुलित प्राकृतिक खेती
गरौं, सुरक्षित
भविष्य बनाऔं ।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८